# नेपालको संविधान घोषणा अघि र पछि भएका आन्दोलनको क्रममा मानव अधिकार अवस्था

# अनुगमन प्रतिवेदन

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

२०७२ कार्तिक

**प्रकाशक :**

राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

**प्रकाशन मिति**

२०७२ कार्तिक १५

**संस्करण**

प्रथम १००० प्रति

**प्रकाशन नं.**

रामाअआ ...

**सर्वाधिकारः** राष्ट्रिय मानव अधिकार आयोग

# विषय सूची

**परिच्छेद १**

**परिचयात्मक**

१.१ पृष्ठभूमि
१.२ कार्यादेश
१.३ प्रतिवेदनको उद्देश्य
१.४ प्रतिवेदन तयारी विधि
१.५ प्रतिवेदनको सीमा

**परिच्छेद २**

२. आन्दोलन सम्बन्धमा विभिन्न क्षेत्रको धारणा

२.१ नेपाल सरकार
२.२ राष्ट्रिय मानव अधिकार आयोग
२.३ राजनैतिक दलहरु
२.४ पेशागत संघ संगठनहरु
२.५ मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु
२.६ युरोपेली युनियन
२.७ संयुक्त राष्ट्रसंघीय मानवीय सहायता समूह (UNOCHA)
२.८ युनिसेफ

**परिच्छेद ३**

३. अनुगमनबाट प्राप्त तथ्यहरु
३.१ मानव अधिकार उल्लंघन तथा ज्यादतीको अवस्था

क) जीवनको अधिकार

ख) स्वतन्त्रता तथा सुरक्षाको अधिकार

ग) शान्तिपूर्वक भेला हुन पाउने अधिकार

घ) अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी अधिकार

ङ) यातना, अपमानजनक तथा अमानवीय व्यवहार विरुद्धको अधिकार

(च) निष्पक्ष सुनुवाइको अधिकार

छ) मानव अधिकार रक्षकहरुको अधिकार

ज) शिक्षा सम्बन्धी अधिकार

झ) बालबालिकाको अधिकार

ञ) स्वासथ्यको अधिकार

ट) उपभोक्ताको अधिकार

ठ) साँस्कृतिक अधिकार

**३.२ मानव अधिकार प्रचलनमा प्रभाव**

**परिच्छेद ४**

## ४. राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

४.१ स्थलगत अनुगमन

४.२ ध्यानाकर्षण/निर्देशन

४.३ बैठक तथा छलफल

४.४ प्रेस विज्ञप्ति

४.५ स्थानीयस्तरमा निर्देशन, समन्वय र सुझाव

४.६ पीडितको उद्धार

**परिच्छेद ५**

## ५. विश्लेषण, निष्कर्ष, सुझाव तथा सिफारिसहरु

५.१ विश्लेषण र निष्कर्ष

५.२ सुझाव तथा सिफारिश

## अनुसूचीहरु

# सारांश

नेपालमा संविधान सभाबाट जारि गरिने नेपालको संविधान घोषणा अघि र पछि विभिन्न राजनीतिक दल र समुहहरुबाट सिमाङ्कन लगायतका मागहरु राखि आन्दोलनहरु भए । ती आन्दोलनहरुको राष्ट्रिय मानव अधिकार आयोगबाट नजिकबाट अनुगमन भएको छ । आयोगबाट भएका अनुगमनको आधारमा यो सङ्क्षिप्त प्रतिवेदन सार्वजनिक गरिएको हो । सरकार र विभिन्न दल तथा समूहहरुबीचमा भएका विभिन्न सम्झौताहरुको समयमा नै कार्यान्वयन हुन नसक्दा यस प्रकारका आन्दोलनहरु हुने र त्यसबाट अधिकार प्रचलनमा पटकपटक अवरोध हुने गरेको देखिएको छ । यस आन्दोलनबाट नागरिक, व्यक्ति र समुदायका बहुआयामिक अधिकारहरुको उपभोगमा प्रचलनमा प्रशस्त अवरोधहरु आएका पाइएको छ ।

शान्तिपूर्ण आन्दोलन सधैंभरी शान्तिपूर्ण नभई हिंसात्मक बन्दा त्यसमा विभिन्न राजनैतिक दलहरु, पेशागत संघसंगठन, मानव अधिकारको क्षेत्रमा कार्यरत संघ सङ्गठन र मानव अधिकार तथा मानवीय सहायताको क्षेत्रमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरुले समेत गम्भीर रुपमा चिन्ता, चासो र सरोकार व्यक्त गरेको पाइएको छ । आन्दोलनको क्रममा ४९ जनाको जीवनको अधिकार समाप्त भएको छ भने कम्तिमा पनि ७२९ जना नागरिकहरु घाइते भएका छन् । आन्दोलनमा सुरक्षाकर्मीबाट अधिक बलको प्रयोग गरेको पाइएको छ भने आन्दोलनकारीहरुबाट प्रयोग भएका हतियारहरुबाट पनि समान प्रकृतिका घटना र क्षति भएको देखिन्छ । आन्दोलनमा १८ महिना र चार वर्षका नाबालकहरुको हत्या गरिने कार्य गम्भीर र दुःखद पक्ष हो । जसमा आन्दोलनमा असहमति राख्ने पक्ष समेतको संलग्नताबाट व्यक्तिको जीवन समाप्त हुने अवस्थाको सिर्जना हुनु अर्को दुःखद पक्ष हो । आन्दोलनमा पक्राउ परेका व्यक्तिहरु समेत माथि प्रहरी कार्यालयभित्र भएका कुटपीट तथा दुर्व्यवहारका घटनाहरु समेत भएका छन् ।

लामो समय सम्मको कर्फ्यु, दङ्गाग्रस्त क्षेत्रको घोषणा तथा निषेधाज्ञा र आन्दोलनकारीहरुको पूर्व सूचना बिनाको अनिश्चितकालीन र निरन्तर बन्दले नागरिकहरु र व्यवसायीहरुका बिना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने मात्र हैन आवतजावत, पेशा, रोजगार, उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सन्चालन गर्न पाउने स्वतन्त्रताहरु प्रभावित भए । कर्फ्यु लागेको समय र क्षेत्रमा समेत व्यक्तिगत घर, होटलहरुमा तोडफोड भए । नेपाल उद्योग वाणिज्य महासंघले सार्वजनिक गरेको तथ्यलाई हेर्ने हो भने राष्ट्रलाई कम्तिमा १० खर्बको घाटा हुँदा नेपालीहरुको नागरिक तथा राजनीतिक अधिकार मात्र हैन आर्थिक अधिकार समेत नराम्ररी प्रभावित हुने अवस्था बन्दै गएको देखिन्छ । कतिपय आन्दोलित क्षेत्रहरुमा सूचना, सञ्चार, प्रकासन तथा प्रसारणको माध्ययमबाट नागरिकहरुको सुसुचित हुन पाउने अधिकार प्रचलन समेत प्रभावित भयो । अभिव्यक्ति स्वतन्त्रता सहजताका साथ प्रचलनमा रहन सकेन । आन्दोलनकारी दलकहरुका केही नेतृत्व तहमा रहेका व्यक्तिहरुको उक्साहटपूर्ण अभिव्यक्तिले त्रासको वातावरण मात्र उत्पन्न भएन त्यस्ता अभिव्यक्ति माथि सामाजिक सञ्चालहरुमा गरिएका टिप्पणीहरुले सामाजिक सद्भाव भड्काउने र एक अर्काप्रति विद्वेष फैलाउने सम्मका कार्यहरु

हुनपुगे । तर प्रभावित क्षेत्रका नागरिकहरुको संयमता र सदियौं देखिको मित्रवत व्यवहारबाट त्यस्तो कार्य हुन पाएन ।

आन्दोलनको क्रममा विभिन्न सञ्चार गृहहरुका सवारी साधनमा भएको तोडफोड, आगजनि, एफ एम स्टेशनहरु र पत्र पत्रिका प्रकासन अवरुद्ध भए । आयोगको अनुगमनबाट सुरक्षाकर्मी र आन्दोलनकारी दुवैतर्फबाट पत्रकार र सञ्चारमाध्ययमको नियतित कार्यमा अवरोध पुऱ्याउने कार्य भयो । यस अवधिमा अन्य मानव अधिकार रक्षहरुको अधिकार समेत जोखिममा पऱ्यो । राष्ट्रिय मानव अधिकार आयोगका अनुगमनमा खटिएका कर्मचारीहरु माथि जुम्लामा आन्दोलनकारी र जनकपुरमा सुरक्षाकर्मीबाट कुटपीट एवम् दुर्व्यवहार भए । आन्दोलनको समाचार संकलनमा रहेका पत्रकारहरु मध्ये कम्तिमा १८ जना पत्रकार र १० जना मानव अधिकारकर्मी प्रत्यक्ष रुपमा पीडित भएको पाइएको छ । एक जना पत्रकारलाई गोली समेत लागैको छ । पत्रकारहरुले दुवैपक्षको दवावको कारण स्वनियन्त्रण (Self Sensorship) मा रहनु परेको अभिव्यक्ति सार्वजनिक गरेका छन् ।

यस अवधिमा आन्दोलित क्षेत्रमा शिक्षाको अधिकार समेत नराम्ररी प्रभावित भएको छ । प्रतिवेदन तयारी अवधिमा युनिसेफले जारी गरेको प्रेस विज्ञप्तिमा पर्सामा १२२ दिनमा केवल पाँच दिन मात्र विद्यालय सन्चालनमा रहेको देखिएको छ भने कम्तिमा १६ लाख विद्यार्थीहरु शिक्षा अधिकारबाट बञ्चित भएका छन् । यस कार्यमा शिक्षकहरुको सक्रिय राजनीतिक सहभागिताले पनि प्रभाव पारेको आयोगको अनुगमनबाट देखिएको छ । आन्दोलनबाट शिक्षाको अधिकार मात्र हैन शिक्षा प्राप्त गर्दै गरेका र विद्याल जाने समय नै नभएका सहित ६ जना बालबालिकाको हत्या भएको छ । बिरामीहरु त्यसमा पनि गर्भवति महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार नराम्ररी प्रभावित भएको छ । अस्पताल भर्ना भएका बिरामीहरुले इन्धन अभावमा खाना र औषधि समेत प्रयोग गर्न नपाउने अवस्थाको सिर्जना भयो । अस्पतालमा अत्यावश्क औषधिहरुको समेत अभाव भयो ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेपाल–भारत सीमा नाका बन्द गर्ने कार्यक्रमबाट दुवैतर्फ हुने आयात–निर्यातमा अवरोध उत्पन्न भयो । यसबाट उपभोक्ताका अति आवश्यक दैनिक उपभोग्य वस्तुहरु सहज रुपमा उपलब्ध हुन नसक्दा उपभोक्ताको मानव अधिकार प्रचलन अवस्था दयनीय भयो । नेपालमा बसोबास गर्ने नागरिकहरु मात्र हैन विशेष गरि भारतीय मालवाहक सवारी साधनमा काम गर्ने मजदुहरु समेत रोजगारी गुम्ने डरले त्रसित देखिए । उपभोग्य वस्तुहरुको अभावमा नेपालमा मानिने चाडपर्वहरु समेत प्रभावित भए । महङ्गि, कालाबजारी, कृत्रिम अभावबाट ठुलो मानवीय संकट देखा पऱ्यो । इन्धन अभावबाट आयोगको अनुगमन तथा अनुसन्धान कार्य समेत प्रभावित भयो । दैनिक मजदुरी गरी जीवनयापना गर्नुपर्ने समुदायको मानव अधिकार अकल्पनीय रुपमा प्रभावित भयो । नेपालले तेश्रो मुलुकबाट आयत गरेका सामग्रीहरु आन्दोलनकारीहरुबाट बन्द गरिएका बाहेकका अन्य नाकाहरुबाट समेत सहज रुपमा नेपाल तर्फ हुने आयातमा सहजता नहुँदा त्यस्तो कार्यलाई अघोषित नाकाबन्दी भएको भनि प्रचार गर्ने सम्मका कार्यहरु भए ।

उल्लिखित अवस्थामा आयोगले आन्दोलन अनुगमन सँगै सरकार र आन्दोलनकारीलाई आन्दोलन शान्तिपूर्ण बनाउन, आन्दोलनमा अधिक बलको प्रयोग र ज्यादति नगर्न, वार्ता र संवादको माध्ययमबाट समस्याको समाधान गर्न ध्यानाकर्षण तथा निर्देशन दिएको छ । आयोगबाट यस सन्दर्भमा प्रधानमन्त्री देखि क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सुरक्षा प्रमुखहरु र आन्दोलनकारी दलहरुसँग पटकपटक बैठक र छलफल भएका छन् । बैठक र छलफल पछि त्यसको बारेमा तत्काल प्रेस विज्ञप्ति सर्वसाधारण समक्ष जानकारी गराइएको छ भने पीडितहरुको उद्धार पनि भएको छ । तर पनि अयोगका उल्लिखित कार्यका बाबजुद कम्तिमा आन्दोलन शुरु भएदेखि प्रतिवेदन अवधि सम्म जीवनको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, शान्तिपूर्वक भेलाहुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रता सम्बन्धि अधिकार र अपमानजनक तथा अमानवीय व्यवहार विरुद्धको अधिकार प्रचलनमा प्रत्यक्ष प्रभाव परेको देखिएको छ । यसबाट शिक्षा, स्वास्थ्य, बालबालिकाका अधिकार र समुदायका साँस्कृतिक अधिकार र उपभोक्ताको मानव अधिकार नराम्ररी प्रभावित भएको देखिन्छ । जसलाई मानव अधिकारको आधारभूत मुल्य र मान्यतालाई ख्याल गरी दुवै पक्ष वार्ता र संवादमा वास्तविक रुपमा इमान्दार भई समाधान गर्नु अत्यन्त ढिलाइ भइसकेको छ ।

# परिच्छेद-१

## परिचयात्मक

### १. परिचय

### १.१ पृष्ठभूमी

सशस्त्र द्वन्द्वको अन्त्यपछि नेपालमा २०६४ चैत्र २८ मा पहिलो पटक संविधान सभाको निर्वाचन भयो । त्यस संविधानसभाबाट संविधान जारी हुन नसकेपश्चात २०७० जेठ १४ मा संविधानसभा विघटन भयो । संविधान सभाको अर्को निर्वाचन पुनः २०७० मंसीर ४ गते भयो । निर्वाचनपछि गठित संविधानसभाबाट पनि प्रदेशहरूको सीमाङ्कन लगायतका विषयमा दलहरुबीच सहमति हुन नसक्दा तोकिएको समयमा संविधान जारी भएन । यद्धपी संविधान जारी गर्ने दलहरूको प्रयास निरन्तर रह्यो । यसै परिवेशमा २०७२ जेठ महिनामा नेपाली काङ्ग्रेस, ने.क.पा. (एमाले), एकीकृत ने.क.पा. (माओवादी) र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच संविधान जारी गर्ने सन्दर्भमा १६ बुँदे सहमति भयो । सम्झौतापछि संविधानसभाबाट सर्वसाधारण नागरिकहरुबाट सुझाव लिने प्रयोजनकोलागि संविधानको प्रारम्भिक मस्यौदा २०७२ असार २३ गते सार्वजनिक भयो । मस्यौदामा सीमाङ्कनको विषय सङ्घीय आयोग बनाएर टुङ्ग्याउने गरी नेपालमा आठ प्रदेश प्रस्ताव गरिएको थियो ।

संविधानको प्रारम्भिक मस्यौदा सार्वजनिक भएपछि त्यसको समर्थन र विरोधमा देशभर आवाजहरू उठे । मस्यौदाको विरोधमा रहेका विशेषगरी मधेस केन्द्रित दलहरूबाट सुझाव संकलन कार्यमा अवरोध तथा वहिष्कार गर्ने र सरकारबाट त्यसको प्रतिरक्षा गर्ने कार्यहरु भए । सुझाव संकलन कार्यमा अवरोध गर्ने आशंकामा विभिन्न जिल्लाहरुमा संविधानको मस्यौदामा फरक मत राख्नेहरुले सुझाव संकलन स्थलसम्म प्रवेश पाउन कठिन भयो । यसै अवधिमा सर्वोच्च अदालतबाट सीमाङ्कन सहितको संविधान जारि गर्ने अन्तरिम आदेश जारि भयो । राजनैतिक दवाव र सर्वोच्चको आदेशपछि प्रमुख राजनीतिक दलहरूबाट ६ प्रदेश सहितको संविधान जारी गर्ने सहमतिको निर्णय सार्वजनिक भयो । उक्त निर्णय पछि सुर्खेतलाई सुदूरपश्चिमसँग मिलाइएको भन्दै विरोध र प्रदर्शन शुरू भयो । कर्णालीलाई स्वायत्त प्रदेश बनाइनु पर्ने भन्दै जुम्ला, मुगु, हुम्ला, डोल्पा, कालीकोट र जिल्ला टुक्र्याउन नपाइने भन्दै रुकुम, वाग्लुङ्ग, नवलपरासी लगायतका जिल्लाहरूमा सीमाङ्कनप्रति असन्तुष्टि पोख्दै आन्दोलनहरु भए । त्यसपछि प्रमुख दलहरुले सुर्खेत र कर्णालीमा भएका आन्दोलनहरुका माग सम्बोधन गर्दै ६ प्रदेशलाई ७ प्रदेश बनाउने निर्णय भयो ।

संविधान निर्माणको सन्दर्भमा प्रदेशहरुको सीमाङ्कन, समानुपातिक समावेशी सहभागिता, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तथा नागरिकता लगायतका विषयहरुलाई लिई निरन्तर आन्दोलनमा रहेका संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सम्बद्ध संघीय समाजवादी फोरम नेपाल,

तराई मधेश लोकतान्त्रिक पार्टि, सदभावना पार्टी र तराई मधेश समाजवादी पार्टि तथा अन्य ११ राजनीतिक दल संलग्न संघीय समावेशी मोर्चा र थारुवान/थारुहटहरुले विरोधका कार्यक्रमलाई तीव्रता दिने निर्णय गरे । ती मोर्चाहरुले २०७२ भदौ १ गतेदेखि अनिश्चितकालीन आमहड्ताल र बन्दको आव्हान गरे । आन्दोलनकारीहरुले[1] नेपाल सरकारसँग भएका सहमति तथा सम्झौता बमोजिमका व्यवस्था प्रस्तावित संविधानमा समावेश नगरीएका भन्दै आन्दोलनलाई निरन्तरता दिएका थिए ।

आन्दोलनसँगै सरकारले भदौ ७ गते शान्ति सुरक्षाको लागि स्थानीय प्रशासन ऐन २०२८ बमोजिम स्थानीय प्रशासनको आदेशमा केही जिल्लाहरुमा नेपाली सेना समेत प्रयोग गर्ने निणय गर्‍यो । तरपनि नेपाली नागरिकहरूको जीवन रक्षा तथा मानव अधिकारका विविध पक्षको संरक्षण थप चुनौतीपूर्ण बनिरह्यो । यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्यादेश बमोजिम अनुसूची १ मा उल्लेखित २८ जिल्लाहरूमा पुगी समग्र मानव अधिकार अवस्थाको अनुगमन गर्‍यो । सोही अनुगमनको आधारमा यो संक्षिप्त प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## १.२ कार्यादेश

तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ र नेपालको संविधान (यसपछि नेपालको संविधान २०७२ भनिएको) को धारा २४९ ले आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धनर त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने दायित्व तोकेको छ । यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ का दफा ४(१)च ले मानव अधिकारको विद्यमान अवस्था बारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरु सार्वजनिक गर्ने कार्यादेश प्रदान गरे बमोजिम आयोगले मानव अधिकारकोविद्यमान अवस्था समीक्षा गरी यो प्रतिवेदन सार्वजनिक गरेको हो ।

## १.३ प्रतिवेदनको उद्देश्य

संविधान निर्माण प्रकृयाको सन्दर्भमा हिमाल, पहाड र तराइ-मधेसलगायत देशका विभिन्न पहाडी जिल्लाहरूमा भइरहेका आन्दोलनहरुमा आयोगबाट गरीएको अनुगमनबाट प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी सम्बन्धित पक्ष तथा सरोकारवालाहरूलाई जवाफदेही बनाउनु रपीडितहरूलाई न्याय प्रदान गर्ने कार्यमा सहयोग गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य हो । प्राप्त तथ्यहरू सर्वसाधारण नागरिकहरूको जानकारीको लागि प्रकाशित गर्ने र मानव अधिकार उल्लङ्घन भएको अवस्थामा आगामी दिनहरूमा त्यस्ता घटना हुन नदिनेतर्फ कार्य गर्न सरोकारवालाहरूलाई सचेत गराउनु पनि प्रतिवेदनको उद्देश्य हो ।

---

[1] नेपाल सरकार रमधेशी जनअधिकार फोरमबीच २०६४ भदौ १३ गते २२ बुँदे, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग २०६४ फाल्गनु १६ गते आठ बुँदे, संघिय लिम्वुवान परिषदसँग २०६४ चैत्र ५ गते छ बुँदे र २०६८ कीर्तक ३० गते दुई बुँदे, नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी जनजाति संयुक्त संघर्ष समितिबीच २०६४ साउन २२ गते २० बुँदे र आदिवासी थारू समुदाय तथा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिहरू बीच २०६५ चैत १ गते छ बुँदे सहमति तथा सम्झौता भएका थिए ।

## १.४ प्रतिवेदन तयारी विधि

आयोगले प्रस्तुत प्रतिवेदन तयार गर्नुपूर्व आफ्ना केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट आन्दोलन भइरहेका जिल्लाहरूमा नियमित रुपमा अनुगमन टोलीहरु परिचालन गरेको थियो । ती मध्ये १४ जिल्लाहरुमा आयोगका सदस्यहरुको नेतृत्वमा उच्चस्तरीय अनुगमन टोली खटिएका थिए । ती अनुगमन टोलीहरूले सम्बन्धित जिल्लामा उपस्थित भई आन्दोलन तथा बन्द हड्तालका सबै आयोजक पक्षहरू, क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबलका सम्बन्धित अधिकारीहरू, मानव अधिकारकर्मी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, नागरिक समाज, पत्रकार, पीडित, पीडित परिवार तथा सर्वसाधारणहरू समेतसँग जानकारी लिने तथा प्रमाणीकरण गरी सूचना संकलन गरेका थिए । केन्द्रीय स्तरमा नेपाल सरकारका प्रधानमन्त्री, उच्चपदस्थ सरकारी कर्मचारीहरु, प्रहरी प्रमुखहरु तथा आन्दोलनरत विभिन्न दलका नेताहरुसँग बैठक र छलफल गरीएको थियो । स्थलगत भ्रमण र छलफलबाट संकलित तथ्यहरूको विस्तृत अध्ययन भएको थियो ।

स्थालगत अनुगमनपछि आयोगबाट आन्दोलनको क्रममा भएका क्षतिहरुको बारेमा अनुसूची ४ मा संलग्न गरिएबमोजिमको पत्राचार नेपाल सरकार र तराइ-मधेशमा आन्दोलनको नेतृत्व गरीरहेको मोर्चाको सचिवालयमा पनि प्रेषित गरीएको थियो । प्रेषित पत्रहरु र प्राप्त जवाफहरुलाई अनुसूची ४ मा संलग्न गरीएको छ ।प्रतिवेदन तयारी गर्ने क्रममा आयोगबाट बनाइएको प्रतिवेदन लेखन तथा सम्पादन समूहले आन्दोलनरत दल तथा समूहहरूसँग सरकारले गरेका सम्झौताहरू र आयोगबाट यस सम्बन्धमा प्रकाशित भएका प्रेस विज्ञप्ति, प्रेस नोटहरु र सबै अनुगमन प्रतिवेदनहरुको अध्ययन गरी यो संक्षिप्त प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको हो ।

## १.५ प्रतिवेदन सीमा

यस प्रतिवेदनमा २०७२ साउन महिनादेखि देखि कातिक १५ गते सम्मको मानव अधिकार अवस्थालाई प्रवृत्तिगत रुपमा संक्षेपमा उल्लेख गरीएको छ । प्रतिवेदनमा अनुगमनबाट प्राप्त विवरणहरुलाई मात्र उल्लेख गरिएको छ ।

## परिच्छेद- २

## आन्दोलन सम्बन्धमा विभिन्न क्षेत्रको सरोकार

### २. आन्दोलन सम्बन्धमा विभिन्न क्षेत्रको सरोकार

नयाँ बन्ने संविधानमा प्रदेशहरुको सीमाङ्कन, समानुपातिक समावेशि सहभागिता, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तथा नागरिकता लगायतका विषयलाई लिएर भएका आन्दोलनहरु र त्यसबाट सर्वसाधारणको मानव अधिकारको अवस्थामा पर्न गएको असरको सन्दर्भमा विभिन्न क्षेत्रबाट चासो, चिन्ता र सरोकार व्यक्त भएको पाइन्छ । यस परिच्छेदमा केही क्षेत्रबाट व्यक्त भएका चासो, चिन्ता र सरोकारलाई संक्षिप्त रुपमा उल्लेख गरिएको छ ।

### २.१ नेपाल सरकार

संविधान निर्माणको सन्दर्भमा भएका आन्दोलनहरु र ती आन्दोलनको कारणबाट भएको धनजनको क्षतिको विषयमा नेपाल सरकारबाट केही निर्णयहरु भएको पाईन्छन् ।[2] नेपाल सरकारबाट २०७२ साउन २८ गते संविधानको सीमाङ्कन लगायतका विषयलाई लिएर सुर्खेतमा भएको आन्दोलनको क्रममा मृत्यु भएका मृतकका नजिकका नातेदारहरुलाई १० लाख रुपैयाँको दरले आर्थिक सहायता उपलब्ध गराउने र घाइतेहरुको उपचार वापत लागेको खर्च नेपाल सरकारले व्यहोर्ने निर्णय भयो । कैलालीको टिकापुरमा भदौ ७ गते केही उत्तेजित अराजक समूहको आक्रमणबाट नेपाल प्रहरीका र सशस्त्र प्रहरी बलका अधिकृत तथा जवानहरु र एक नाबालकको निधन भएको घटनामा प्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै उक्त घटनाको छानबिन गर्न भदौ ८ गतेको निर्णयले नेपाल सरकारले एक समिति गठन गरेको थियो । प्रस्तावित संविधानमा प्रादेशिक सीमाङ्कको विषयलाई लिएर भएका खासगरी तराई–मधेसमा भएको आन्दोलन अराजकता र हिंसातर्फ उन्मूख भएकोले महिला, मधेशी, दलित, आदिबासी, थारू, जनजाति, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक र सीमान्तकृत समुदायसहित संविधानमा आफ्नो हकहित संरक्षणको लागि आन्दोलनरत समस्त राजनीतिक दल, समुदाय र सबै पक्षलाई देश र जनताको वृहत्तर हकहित संरक्षणको लागि संविधान निर्माण प्रक्रियामा सहभागि भई आफ्ना मागहरुलाई प्रजातान्त्रिक मूल्य र मान्यता अनुरुप शान्तिपूर्ण तरिकाबाट राख्न अपिल गरेको देखिन्छ । सरकारले २०७२ असोज १ गते अर्को निर्णय गरी आन्दोलनको क्रममा मारिएका अनुसूची ३ मा उल्लिखित विवरण भएका मृतकका परिवारहरुलाई आर्थिक सहायता उपलब्ध गराउने घोषणा समेत गरेको छ ।

गृह मन्त्रालयले पनि आन्दोलनको सन्दर्भमा विभिन्न मितिमा विज्ञप्तिहरु जारी गरेको छ ।[3] मन्त्रालयले संविधानको परिमार्जित मस्यौदामा चित्त नबुझी अखण्ड मध्यपश्चिम माग राखी सुर्खेत

---

[2] विस्तृत जानकारीको लागि हेर्नुहोस् www.opmcm.gov.np/np/decisions

[3] विस्तृत जानकारीको लागि हेर्नुहोस् www.moha.gov.np/uploads/newsFiles

र जुम्ला लगायतका जिल्लामा भएका आन्दोलन हिंसात्मक भएकोले स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस, लाठी चार्ज र हवाई फायर समेत गर्नु परेको[4] उल्लेख गरेको देखिन्छ ।मन्त्रालयबाट  असन्तुष्ट पक्षले शान्तिपूर्ण तवरबाट आफ्ना माग राख्ने संवैधानिक व्यवस्था हुँदा सोही बमोजिम गर्न अनुरोध गरेको छ ।[5] गृह मन्त्रालयले आफ्ना मागको शान्तिपूर्ण समाधान गर्ने बाटो भएकोले आन्दोलनकारीहरुलाई सोही बाटो अबलम्बन गर्न[6], आन्दोलन हिंसात्मक भएपछि कानुन बमोजिम नेपाली सेनाको सहयोग लिइएको अवस्था भएको[7], शान्ति सुरक्षा कायम राख्न सुरक्षा निकायले हदैसम्मको संयमता अपाउँदा अपनाउँदै पनि प्रदर्शनकारीहरुलाई उत्तेजित पारी सर्वसाधारणको मानव अधिकार हनन् हुने अवस्था आउन नदिन र त्यस्तो अवस्था आएमा सरकार बल प्रयोग गर्न बाध्य हुने[8], विगत केही समयदेखि मध्य तराईमा संयुक्त मधेशी मोर्चाको अगुवाईमा नृशंश र ह्निंसक गतिविधिहरु भइरहने र शान्ति सुरक्षा कायम राख्न खटिएका सुरक्षाकर्मीहरु र उनीहरुका परिवारलाई यातना दिनेदेखि पेट्रोल छरी हत्या गर्ने समेतका मानवीयताका कलंकजन्य क्रियाकलापहरु बढ्दै गएकाले[9] त्यस्ता कार्य नगर्न भन्दै विज्ञप्तिहरु जारि भएका देखिन्छन् ।

विज्ञप्ति बाहेक सरकारबाट आन्दोलनरत पक्षलाई पटक-पटक वार्ताको लागि आव्हान र पहल समेत गरेको देखिन्छ । तत्कालीन प्रधानमन्त्री सुशील कोईरालाबाट आन्दोलनकारीहरुलाई वार्तामा आउन पत्राचार भएको थियो । सरकारले वनमन्त्री महेश आचार्यको संयोजकत्वमा तीन सदस्यीयवार्ता समिति गठन गरेको थियो । यसको साथै संविधान जारी भईसकेपछि पनि जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने लगायतका विषयमा व्यवस्थापिका संसदमा संशोधान प्रस्ताव समेत पेश गरि सकेको छ । तर आन्दोलनरत पक्षहरु वार्ताको वातावरण नबनेको भन्दै लामो समय औपचारिक वार्तामा बसेनन् । वर्तमान सरकारले उपप्रधानमन्त्रि तथा परराष्ट्रमन्त्रि कमल थापाको संयोजकत्वमा पुनः वार्ता समिति गठन गरेको छ । उक्त समितिले आन्दोलतरत पक्षसँग अनौपचारिक छलफल शुरु गरेकोमा सीमाङ्कनको विषयमा सरकारको स्पष्ट धारणा आउनु पर्ने, आन्दोलनको क्रममा मृत्यु भएकालाई शहीद घोषणा, घाइतेलाई क्षतिपूर्ति, निषेधित तथा दङ्गाग्रस्त क्षेत्र हटाएपछि मात्र सार्थक वार्तामा बस्न सकिने भन्दै सार्थक वार्तामा नबसेको अवस्था छ ।

4 गृह मन्त्रालयबाट साउन२५ गते जारी गरेको विज्ञप्ती
5 गृह मन्त्रालयबाट साउन३१ गते जारी गरेको विज्ञप्ती
6 गृह मन्त्रालयबाट भदौ ५ गते जारी गरेको विज्ञप्ती
7 गृह मन्त्रालयबाट भदौ ११ गते जारी गरेको विज्ञप्ती
8 गृह मन्त्रालयबाट भदौ १५ गते जारी गरेको विज्ञप्ती
9 गृह मन्त्रालयबाट भदौ २५ गते जारी गरेको विज्ञप्ती

माथि उल्लिखित गतिविधिहरुबाट सरकारले आन्दोलनकारीहरुलाई वैधानिक बाटो छोडेर हिंसात्मक आन्दोलनमा लागेकोले शान्तिपूर्ण रुपमा आन्दोलन गर्न, वार्ताको माध्ययमबाट समस्याको समाधान गर्न आव्हान गर्दै आन्दोलन शान्तिपूर्ण नभएबलको प्रयोग गर्न सक्नेतर्फ चेतावनी दिएको पनि देखिन्छ ।

## २.२ राष्ट्रिय मानव अधिकार आयोग

संविधान निर्माणको सन्दर्भमा प्रदेशहरुको सीमाङ्कन लगायतका माग राखी नेपालको संविधान घोषणा अघि र पछि विभिन्न राजनीतिक दल तथा समूहरुबाट भएका आन्दोलनहरुको आयोगले नजिकबाट अनुगमन गरेको छ । आयोगले शान्तिपूर्ण विरोध प्रदर्शनलाई अधिकार प्रचलनको महत्वपूर्ण पक्षको रुपमा हेर्दछ । शान्तिपूर्ण आन्दोलनबाट नागरिकहरुको अधिकार प्राप्ति सहज रुपमा हुन सकोस भन्ने आयोगको धारणा हो । सीमाङ्कन लगायतका विषयलाई लिएर भएका आन्दोलनहरु पनि शान्तिपूर्ण रुपमा सम्पन्न गर्न आयोगले सधैं आन्दोलनरत पक्षहरुलाई सदैव आग्रह गर्दै आएको छ । आयोगले शान्तिपूर्ण आन्दोलनमा अनावश्यक वा अधिक बलको प्रयोग नगर्न सुरक्षाकर्मीलाई पनि निर्देश गर्दै आएको छ । आयोगबाट आन्दोलनरत पक्षहरु तथा सुरक्षा निकायका प्रमुख तथा सरकारका उच्च अधिकारीहरुलाई वार्ता संवादको माध्ययमबाट समस्या समाधान गर्नको लागि पटक–पटक विज्ञप्ति मार्फत अनुरोध गरेको छ । आन्दोलनरत पक्षका केन्द्रीय स्तरका नेताहरु र नेपाल सरकारका उच्च पदस्थ अधिकृत तथा सुरक्षा अधिकारीहरुलाई आन्दोलन पूर्णतः शान्तिपूर्ण हुनुपर्ने र त्यस्तो शान्तिपूर्ण आन्दोलनमा कुनैपनि अवस्था र वहनामा सरकारी पक्षबाट बलको प्रयोग गर्न नहुने सुझाव तथा निर्देशन दिइएको थियो । साथैआफ्नो अधिकारको प्रचलनको लागि संघर्ष गर्दा अरुको अधिकार प्रचलनमा अवरोध नपुऱ्याउन आन्दोलनरत पक्षलाई पनि अनुरोध र आग्रह गर्दै आएको छ । आयोगले आन्दोलनको सन्दर्भमा लिखित रुपमा सार्वजनिक गरेका धारणाहरु (प्रेस विज्ञप्ति) अनुसूची – ४ मा समावेश गरिएको छ ।

## २.३ प्रमुख राजनैतिक दलहरु

संविधान निर्माणको सन्दर्भलाई लिएर भएका आन्दोलनहरुमा विभिन्न क्षेत्रका विभिन्न प्रतिक्रियाहरु सार्वजनिक भए । विशेष गरी जातीय तथा क्षेत्रीय राजनीतिक दल र समूहहरुले आन्दोलनको समर्थन गरेका थिए । नेपालका प्रमुख राजनीतिक दलहरुले आन्दोलनप्रति औपचारिक सहमति जनाएनन् । तर वार्ताको माध्ययमबाट समस्याको समाधान गरीनु पर्दछ भन्ने ती दलहरुको धारणा पटक–पटक सार्वजनिक भइरह्यो । **नेपाली काँग्रेसले** भदौ १५ गते केन्द्रीय समितिको बैठकबाट कैलालीको टिकापुर लगायतका क्षेत्रमा भएका हिंसात्मक घटनाप्रति खेद एवम दुःख प्रकट गऱ्यो । सोही बैठकले संविधान निर्माणका समग्र विषयवस्तुहरुमा संविधान सभाबाट बाहिर गएर ठोस सहयोग नपुग्ने भन्दै संविधानसभा भित्र छलफल गरेर प्रकृया बमोजिम टुङ्गोमा पुऱ्याउनु पर्ने आफ्नो धारणा सार्वजनिक गऱ्यो । देशका विभिन्न भागमा भइरहेका अप्रिय घटना एवं हिंसात्मक

गतिविधिहरुले सर्वसाधारण जनतालाई दुःखकष्ट भइरहेको भन्दै त्यस्ता कार्य रोकी वार्ताद्वारा समस्याको समाधान खोज्न नेपाली काङ्ग्रेसले आव्हान गरेको छ ।[10] **नेपाल कम्युनिष्ट पार्टी ( एमाले**) ले संविधान निर्माणको सन्दर्भलाई लिएर भएका आन्दोलनहरुको विषयमा संविधानसभाबाट समस्याको समाधान गर्न सकिने प्रतिक्रिया दिँदै आएको थियो । संविधानसभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भइसकेपछि आन्दोलनकारी दलहरुको माग संविधानमा अधिकांश रुपमा समावेश भइसकेको र बाँकी मागहरु वार्ताको माध्ययमबाट टुङ्ग्याउन सकिने प्रतिक्रिया दिँदै आएको छ । **एकीकृत नेकपा (माओवादी**) ले संविधान निर्माणको ऐतिहासिक कार्यभार अन्तिम चरणमा पुग्दा समेत कतिपय समुदायका भावनाहरु अझै नसमेटिएका र नसमेटिएका जनताका जायज चिन्ता र मागको सम्बोधन हुनुपर्ने उल्लेख गर्दै विज्ञप्ति जारी गरेको देखिन्छ ।कैलाली जिल्लाको टिकापुर लगायतका क्षेत्रमा भएका दुःखद घटनाहरुप्रति दुःख व्यक्त गरेको छ । साथै आन्दोलनरत पक्ष, जनसमुदाय, राजनैतिक दल र नागरिक समाज सबैमा शान्ति, सद्भाव र एकता बनाई समस्या समाधान गर्न सहयोगको माग गरेको देखिन्छ ।[11]

## २.४ पेशागत संघ सङ्गठनहरु

**नेपाल बार एशोसिएसनले** संविधानसभामार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्राप्त गर्ने नेपाली जनताको लामो समय देखिको आकाङ्क्षा साकार हुन लागेको वर्तमान समयमा मुलुकका विभिन्न क्षेत्र/स्थानमा भइरहेको विभिन्न किसिमका प्रदर्शनी, बन्द, हड्ताल हिंसात्मक बन्दै हत्या, आतंकको तहसम्म पुगेको घटनाहरुमा आफ्नो ध्यानाकर्षण भएको उल्लेख गरेको छ । आफ्ना मागहरु शान्तिपूर्वक तत्तत् निकायहरु तथा आफ्ना प्रतिनिधिमार्फत प्रस्तुत गरी मागहरुलाई पूरा गराउने शान्तिपूर्ण बाटो अपनाउन सम्पूर्ण राजनीतिक दल,नागरिक तथा समुदायसँग जोडदार माग गरेको छ ।[12] **नेपाल पत्रकार महासंघले**[13] संविधानको विषयलाई लिएर उत्पन्न राजनीतिक समस्याको समाधान खोज्न र त्यसका निम्ति तत्काल लचकतासाथ निर्णायक वार्ता गर्न राज्य र आन्दोलनकारी दुवै पक्षलाई विशेष आग्रह गरेको छ । राजनीतिक दलहरुले आव्हान गरेको बन्दको क्रममा प्रेसलाई अवरोध पुर्‍याइएको, पत्रिकामा आगजनि तथा वितरणमा अवरोध गरेको, पत्रकारलाई धम्क्याइएको भन्दै कुनैपनि बहानामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता अवरुद्ध नगर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको देखिन्छ । महासंघले भदौ ८ गते संविधान निर्माणको अन्तिम घडीमा पुगेको समयमा राजनीतिक मुद्दालाई राजनीतिक रुपमा समाधान गर्न पनि अपिल गरेको छ । आन्दोलनकारी र सुरक्षाकर्मी दुवैतर्फबाट पत्रकारहरु असुरक्षित रहेको प्रतिवेदन महासंघबाट खटिई गएको मिडिया मिसन टोलीले सार्वजनिक गर्दै त्यस्तो कार्य तत्काल बन्द गर्न पनि सार्वजनिक रुपमा आग्रह गरेको देखिन्छ ।

---

[10] विस्तृत जानकारीको लागि हेर्नुहोस् www.nepalicongress.org/index.php?linkId=62

[11] विस्तृत जानकारीको लागि हेर्नुहोस् ucpnmaoist.org/nepali/Pages.aspx?page=press-release

[12] विस्तृत जानकारीको लागि हेर्नुहोस्www.nepalbar.org/pressrelease/press-release.jpg

[13] नेपाल पत्रकार महासंघको विस्तृत प्रतिक्रियाको लागि हेर्नुहोस् www.fnjnepal.org/media/?cat=3&paged=3

**नेपाल ईञ्जिनियर्स एशोसिएसन**ले नेपाली जनताको ठूलो त्याग र वलिदानद्वारा प्राप्त भएको संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नका लागि संविधान निर्माणको कार्य अन्तिम चरणमा पुगेको अवस्थामा भएको हिंसात्मक घटनाप्रति चिन्ता व्यक्त गरेको छ । एशोसिएसनले प्रस्तावित संघीय सीमांकन वा संबिधानका मस्यौदाप्रति असन्तुष्ट राजनैतिक दल र बिभिन्न सरोकारवाला संघ सस्थाहरुसँग लोकतान्त्रिक प्रकृया, पद्धति सहितका शान्तिपूर्णरुपमा बिरोध जनाउने अधिकार हुँदाहुँदै केही स्थानमा अराजक स्थितिको सृजना हुँदा २०७२ वैशाख १२ मा गएको महाभूकम्पबाट हुन गएको अपूरणीय क्षतिको पुनर्निर्माण तथा पुनर्स्थापनामा होमिनु पर्ने अवस्थामा बन्द, आमहड्ताल जस्ता कार्यक्रमले विकास निर्माणका कार्यप्रायः ठप्प भएको उल्लेख गरेको छ । एशोसिएसनले नेपाली जनताको लामो प्रतीक्षा पछि मुलुकले नयाँ संबिधान प्राप्त गर्न लागेको अवसरलाई सदुपयोग गर्दै अत्यन्त संयमता र जिम्मेवारीका साथ सामाजिक सद्भाव कायम राख्दै वार्ताद्वारा सहमतिमा पुग्न सम्बद्धराजनैतिक दल तथा सरोकारवाला पक्षसँग अनुरोध गरेको देखिन्छ ।[14]

आन्दोलनको सम्बन्धमा **नेपाल उद्योग वाणिज्य महासंघले** संविधान निर्माणको अत्यन्त महत्वपूर्ण घडीमा सबै राजनीतिक दल, वर्ग, समुदाय, पेशा, व्यवसाय मिलेर आफ्नो स्थानबाट संविधान छिटो ल्याउन सहयोग गर्नुपर्ने समयमा मुलुकका अधिकांश भागमा जारी बन्द, हडताललले आफु चिन्तित भएको सार्वजनिक गरेको छ । महासंघले बन्द हड्तालका कार्यक्रम फिर्ता लिई मुलुकलाई थप बर्बादी हुन नदिन, जनताको बाँच्न पाउने अधिकारको प्रत्याभुति गर्न र सबै प्रकारका असहमतिहरुलाई वार्ता र संवादको माध्ययमबाट समाधान गर्न सम्बन्धित सबैपक्षसँग पटक–पटक आग्रह गरेको छ ।बन्द फिर्ताको आव्हान पछि पनि बन्द कायमै रहेपछि महासंघबाट बन्द हड्ताल जस्ता कार्यक्रमहरुको स्वरुप परिवर्तन गर्न समेत ध्यानाकर्षण गराएको छ । महासंघका पदाधिकारीहरुले आन्दोलनरत दलहरुका नेताहरुलाई नै भेटी ज्ञापन पत्र समेत प्रस्तुत गरेका छन् । यस बाहेक महासंघ समेत **नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्श**ले २०७२ असोज १५ गते एक संयुक्त अपील जारी गरी बन्द हड्तालको कारण इन्धन, ग्याँस जस्ता अत्यावश्यक सामग्रीको अभावपछि मुलुकका अधिकांश भागको जनजीवन अस्तव्यस्त भई जनताले त्रासदीपूर्ण जीवन बाँच्ने बाध्यता देखा पर्न थालेकोले सरकार, तराई केन्द्रित सबै राजनीतिक दल र अन्य सरोकारवालाहरुको ध्यानाकर्षण गराएका छन् ।[15]

## २.५ मानव अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु

मानव अधिकारको क्षेत्रमा कार्यरत **अनौपचारिक क्षेत्र सेवा केन्द्र** (इन्सेक) ले संविधान निर्माणका क्रममा देखिएका मतभिन्नतालाई वार्ताबाट नै समाधान गर्न ध्यानाकर्षण गराएको छ । इन्सेकले शान्तिपूर्ण आन्दोलनमा हतियारको आवश्यकता नपर्ने र हिंसाबाट कुनैपनि समस्याको समाधान

[14] विस्तृत जानकारिको लागि हेर्नुहोस्www.neanepal.org.np

[15] विस्तृत जानकारिको लागि हेर्नुहोस्http://www.fncci.org/mailing/show.php?offset=0&j=2&a=1

नहुने हुँदा त्यसतर्फ ध्यान दिन आन्दोलनकारी पक्षलाई आग्रह पनि गरेको देखिन्छ । शान्तिपूर्ण आन्दोलन गर्न पाउनु आन्दोलनकारीहरुको अधिकार भएको भन्दै राजनीतिक समस्याको हिंसात्मक तवरले नभई शान्तिपूर्ण संवादबाट समाधान खोज्न राज्य र आन्दोलनकारी पक्षलाई अनुरोध गरेको छ ।[16] **तराई मानव अधिकार रक्षक सञ्जालले** आन्दोलनको क्रममा भएका घटनारुलाई लिएर जारी गरेका विज्ञप्तिहरुमा आन्दोलनको क्रममा हिंसात्मक तथा आपराधिक कार्य नदोहर्‍याउन आन्दोलनरत पक्षलाई आग्रह गर्दै प्रदर्शनकारी माथि सुरक्षाकर्मीहरुले स्थानीय प्रशासन ऐन विपरित बल प्रयोग गरेको पाइएकोले त्यस्ता कार्य नगर्न आग्रह गरेको छ । सञ्जालले संविधानमा आफ्नो अधिकारको माग गर्दै मधेशी मोर्चा र थरुहट मोर्चाले संयुक्त रुपमा मधेश बन्द, सभा, जुलुस लगायतका आन्दोलनका कार्यक्रमहरु गर्दै आएको सन्दर्भमा शान्तिपूर्ण आन्दोलनमा समेतसुरक्षाकर्मीहरुले अत्यधिक बलको प्रयोग गरेको, निरन्तर जारी भइरहेको कर्फ्यु आदेश र निषेधाज्ञालेसर्वसाधारणको जनजीवन असामान्य हुँदै गएको र सेना परिचालनले त्रासको वातावरण सृजना भएको पनि उल्लेख गरेको छ ।[17] **नेपालका आदिबासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह**ले थारुहरुको शान्तिपूर्ण आन्दोलनको क्रममा कैलालीको टिकापुरमा भएको घटनापछि जारी विज्ञप्तिमा सेना परिचालन कार्य तत्काल स्थगन गरी समस्याको शान्तिपूर्ण समाधान खोज्न सरकार र सम्बन्धित निकायसँग अनुरोध गरेको छ । संविधान लेखन प्रक्रियाले मुलुकलाई गम्भीर मुठभेडमा लगिरहेको संकटपूर्ण अवस्थालाई रोक्न अविलम्ब आन्दोलनरत पक्षहरुसँगको अर्थपूर्ण वार्ता तथा अगिीम सुसूचित तथा मञ्जुरीबाट संघीय  प्रदेशहरुको पहिचानमा आधारित नामाङ्कन, सीमाङ्कन, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, मानव अधिकार, जातीय जनसंख्याको आधारमा पूर्णसमानुपातिक प्रतिनिधित्व रहने आदिबासी, जनजाति, मधेशी, दलितहरुको अधिकार सहितको संविधान जारी गरी शान्ति कायम गराउन ध्यानाकर्षण गराएको पाइन्छ ।[18] **निजि विद्यालय अर्गनाइजेशनहरु र अभिभावक संघ**ले आन्दोलनको कारण बालबालिकाहरु शिक्षा प्राप्तगर्ने अधिकारबाट बञ्चित भएका, बालबालिकाहरुलाई आन्दोलनमा प्रयोग गरिएको भन्दै विरोध गरेको पाईयो । यस सम्बन्धमा प्याब्सन र एन प्याब्सन तथा अभिभावक संघले राष्ट्रिय मानव अधिकार आयोगमा ध्यानाकर्षण पत्र समेत पेश गरेका थिए ।

यसरी माथि उल्लिखित मानव अधिकारको क्षेत्रमा कार्यरत केही संघसंस्थाहरुबाट प्रेषित विज्ञप्ति तथा जानकारीबाट अधिकारको लागि आन्दोनरत पक्ष र सरकारबीच शान्तिपूर्ण रुपमा वार्ताबाट समस्या समाधान गर्नु पर्ने  धारणाहरु सार्वजनिक भएको पाइन्छ ।

## २.६ युरोपीयन युनियन

[16] विस्तृत जानकारिको लागि हेर्नुहोस्www.inseconline.org/index.php?type=pressrelease&lang=np&id=655
[17] विस्तृत जानकारिको लागि हेर्नुहोस्www.taraihumanrights.org/publication.php?alId=6
[18] विस्तृत जानकारिको लागि हेर्नुहोस्http://www.lahurnip.org/userfiles/Press%20Release.jpg

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले नेपाल भारत सीमा क्षेत्रका नाकाहरु र पूर्व पश्चिम राजमार्गमा अवरोध पुऱ्याउने गरी गरेको धर्ना र प्रदर्शनको कारण नेपालमा आयात हुने सामग्रीहरुको आयात निर्यातमा  पुग्यो । त्यसपछि नेपाल स्थित युरोपेली राष्ट्रहरुका मिसन प्रमुखहरुबाट संयुक्त विज्ञप्ति जारी गरि चासो र चिन्ता व्यक्त भयो । विज्ञप्तिमा अत्यावश्यक मानवीय उपभोग्य वस्तुहरुको आपूर्ति र वितरणमा देखिएको अवरोधबाट तराइ लगायतका चरम गरिबीमा रहेका व्यक्तिहरुको जीवन सबैभन्दा बढी प्रभावित भएकोले त्यसको शीघ्र समाधानको लागि जिम्मेवार बन्न अनुरोध गरेको छ । युरोपेली युनियनको प्रेस विज्ञप्ति अनुसूची ५ मा संलग्न गरीएको छ ।

## २.७ संयुक्त राष्ट्रसंघीय मानविय सहायता समूह (UNOCHA)

आन्दोलनबाट उत्पन्न परिस्थितिपछि विशेष गरी इन्धन आपूर्ति र वितरणमा भएको अवरोध सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानविय क्रियाकलाप समन्वय कार्यालय (UNOCHA) ले  चासो व्यक्त गरेका समाचारहरु सार्वजनिक भए ।[19] सो संस्थाले इन्धन आपूर्तिमा देखिएको समस्याबाट मानवीय सहायताका कार्यहरुमा समेत अवरोध भएको, यसबाट भूकम्प पीडित नागरिकहरुलाई पुऱ्याईने मानवीय सेवा समेत प्रभावित भएको उल्लेख छ। असोज पहिलो सातादेखि इन्धन अभाव हुँदा जाडो समयमा जीविकोपार्जनकालागि चाहिने वस्तुहरूको आपूर्ति प्रक्रिया अवरुद्ध भएको र ८० हजार परिवारलाई तत्काल आवास र  खाद्यान्न पुऱ्याउनु पर्ने अवस्था रहेको उल्लेख गरेको छ। यस सम्बन्धमा प्रकाशित समाचार अनुसूची ६ मा समावेश गरिएको छ।

## २.८ युनिसेफ

आन्दोलनको सन्दर्भमा विभिन्न क्षेत्रबाट चिन्ता, चासो र सरोकार व्यक्त गर्ने क्रममा बालबालिकाको क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसंघीय संस्था युनिसेफ पनि देखिएको छ । युनिसेफले आन्दोलन शुरु भएपछि १५ सेप्टेम्बरमा एक विज्ञप्ति जारी गर्दै तिनहप्ता भित्रममा १८ महिनाको एक दुधेबालकको कैलाली, १३ र १५ वर्षका दुइजना बालकको धनुषामामा भिडन्तको क्रममा जीवन अन्त्य भएको र धनुषामा नै एक १२ वर्षीय बालक हराइरहेको उल्लेख गर्दै यसबाट बालबालिका शान्ति क्षेत्र अभियानको अनुभूति हुन नसकेको उल्लेख गरेको छ । युनिसेफले यस सन्दर्भमा सबै पक्षलाई नेपालले प्रतिबद्‌ता जनाएको बालबालिका शान्तिक्षेत्र अभियानलाई पालना गर्न आग्रह समेत गरेको छ ।[20] यस्तै कातिक १२ गते अर्को विज्ञप्ति प्रकाशित गर्दै  मुलुकको वर्तमान स्थितिका कारण लाखौं नेपाली बालबालिकाको भविष्य जोखिममा परेको प्रति गम्भीर चिन्ता व्यक्त गर्दै विशेष गरी तराईक्षेत्र र यो वर्षको शुरुमै गएको भूकम्पबाट अति प्रभावित मध्ये

---

19 http://kathmandupost.ekantipur.com/news/2015-10-25/ocha-expresses-concern-over-fuel-crisis-disrupting-aid-distribution.html र http://thehimalayantimes.com/kathmandu/fuel-crisis-affecting-relief-efforts-ocha

20 *http://unicef.org.np/media-centre/press-releases/2015/09/15/let-us-make-children-as-zone-of-peace-a-reality*

तथा मध्य पूर्वी पहाडी जिल्लाका बालबालिका अहिलेको अवस्थाबाट झनै प्रभावित भएका र 'यसले सबैभन्दा सिधा असर बालबालिकाको शिक्षाको पहुँचमा पारेको उल्लेख गरेको छ । विद्यालयहरू बन्द भएका कारण मध्य तथा पूर्वी तराई र भित्री मधेशका नौ जिल्लामा मात्र पछिल्लो दुई महिनाको अवधीमा १६ लाखभन्दा बढी विद्यालय जाने बालबालिका नियमित पठनपाठनबाट वञ्चित भएका छन ्। पछिल्लो ६ महिनामा पर्सा जिल्लाका विद्यालयहरू निर्धारित एक सय २२ दिनमध्ये जम्मा पाँच दिन मात्र खुलेका युनिसेफे उल्लेख गरेको देखिन्छ । संसारका अन्य मुलुककाअनुभवले लामो समयसम्म विद्यालय नजाँदा बालबालिका विद्यालयमा नफर्किने र अन्ततःउनीहरूले सदाका लागि पढाइ छाड्ने उच्च जोखिम रहेको भन्दै अवस्था, कारण र पृष्ठभूमि जस्तोसुकै भएता पनि सबै बालबालिकाका आफ्नै अधिकारहरू छन् र सो अधिकारलाई वयस्कहरूले उल्लङ्घन गर्न नमिल्ने जनाएको देखिन्छ । युनिसेफबाट जारी विज्ञप्ती अनुसूची ७ मा संलग्न गरिएको छ ।

## परिच्छेद- ३

## अनुगमनबाट प्राप्त तथ्यहरु

### ३.१ मानव अधिकार उल्लङ्घन तथा ज्यादतिको अवस्था

संविधान सभाबाट जारि गरिने संविधानमा आफ्ना अधिकाहरू समावेश गराउन तराई मधेश लगायत देशका विभिन्न भागमा भएका आन्दोलनहरूबाट नागरिकहरूका कतिपय अधिकार उपभोगमा स्वभावतः कठिनाइ उत्पन्न भएको पाइएको छ । विशेषगरी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले २०७२ भाद्र १ गतेदेखि गरेको अनिश्चितकालीन तराई मधेश बन्द निरन्तर रहँदा सर्वसाधारण नागरिकहरूको जीवन यापन गर्ने अधिकार प्रचलन सबै भन्दा बढी प्रभावित हुन पुग्यो । विशेष गरी नयाँ संविधानमा प्रदेशहरुको नामाङ्कन र सिमाङकनको विषयमा कर्णाली, सुर्खेत कैलाली लगायतका तराई मधेश तथा वाग्लुङ्ग र पूर्वी नेपालका इलाम, धनकुटा लगायतका जिल्लाहरुमा भएका आन्दोलनका कारण नागरिकहरुका बहु आयामिक मानव अधिकार प्रचलनमा अवरोध भएको पाईएको थियो । जसमध्ये यस अवधिमा मुख्य रूपमा प्रभावित हुन पुगेका केही प्रमुख अधिकारहरूलाई निम्न बमोजिम उल्लेख गरिएको छः–

#### क) जीवनको अधिकार

तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१) मा प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक उल्लेख थियो । नेपालको संविधान २०७२ मा पनि साही व्यवस्था कायम छ । मुलकी ऐन २०२० ज्यान सम्बन्धि महलको दफा १ मा कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्न उद्योग गर्न नहुने उल्लेख छ । नेपाल पक्ष भएका संयुक्त राष्ट्रसंघिय मानव अधिकार सम्बन्धी नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ६ ले कुनैपनि अवस्थामा जीवनको अधिकारको प्रत्याभूति गरेका छन् ।

तर यस आन्दोलनको क्रममा जीवनको अधिकार पूर्णतः संरक्षित रहन सकेन । संविधान निर्माण प्रकृयासँगै सप्तरी, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही, बाँके, बर्दिया, सुर्खेत, जुम्ला र कैलाली जिल्लामा अनुसूची २ मा संलग्न विवरण भएका ४९ जना नेपाली नागरिकहरूको जीवनको अधिकार समाप्त भयो । सुरक्षाकर्मी तर्फबाट ३२ जना र आन्दोलनकारीहरूबाट ९ जना, आन्दोलनकारीबाट मारिएको भनिएको तर उनीहरुले जिम्मा जिम्मा लिइ नसकेका ५ जना र आन्दोनको क्रममा नै अन्य सन्दर्भमा मारिएका ३ जनाको जीवनको अधिकार समाप्त भयो । अधिकांश घटनाहरू हेर्दा सुरक्षाकर्मीहरू तर्फबाट मारिएका व्यक्तिहरूलाई छाति, टाउको, कोखा तथा घुँडा भन्दामाथि गोली लागेको थियो । आन्दोलनकारीबाट मारिएका व्यक्तिहरूको पनि टाउको लगायतका शरिरका विभिन्न भागहरूमा घरेलु हतियारको चोट भएको देखिएको थियो । अनुगमनबाट सुरक्षाकर्मीहरूबाट कतिपय स्थानमा अत्याधिक बलको प्रयोगबाट व्यक्तिहरू मारिएका

देखिएका छन् भने आन्दोलनकारीहरूले महोत्तरीमा उपचारको लागि एम्बुलेन्समा राखेर अस्पताल लाँदै गरेका बिरामीलाई समेत गाडीबाट बाहिर निकाली घरेलु हतियारको प्रयोग गरेर मारेको पाइएको छ । आन्दोलनको विपक्षमा रहेको समूहले रुपन्देहीमा उपचारको लागि एम्बुलेन्समा राखेर अस्पताल लाँदै गरेका बिरामीलाई कुटपीट गर्दा त्यसका कारणबाट समेत व्यक्तिको जीवनको अधिकार समाप्त भएको छ ।

आन्दोलन अवधिमा सुरक्षाकर्मीको तर्फबाट भएको बल प्रयोग र आन्दोलनकारी तर्फबाट प्रयोग भएका घरेलु हतियारसहित ढुङ्गामुढाको प्रयोगले दुवैतर्फ घाइते हुने पीडितको सङ्ख्या पनि उल्लेख्य रहेको छ । गृह मन्त्रालयबाट प्राप्त जानकारी अनुसार नेपाल प्रहरी तर्फ ३४८, सशस्त्र प्रहरी तर्फ २१६ र सर्वसाधारण १६५ जना घाइते भएको देखिन्छ । आन्दोलनकारीको प्रमुख मोर्चा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग माग गरिएको घाइतेहरुको विवरण प्रतिवेदन तयार हुँदासम्म प्राप्त हुन सकेन ।

### ख) स्वतन्त्रता तथा सुरक्षाको अधिकार

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ ले नेपाली नागरिकहरुलाई कानुन बमोजिम बाहेक वैयक्तिक स्वतन्त्रता हरण नहुने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने तथा कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने लगायतका स्वतन्त्रताहरु प्रदान गरेको थियो । यीनै स्वतन्त्रताहरु नेपालको संविधान २०७२ को धारा १७ ले पनि प्रदान गरेको छ । यस संविधानमा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता थप गरिएको छ । नागरिक अधिकार ऐन २०१२ दफा ६ ले शान्तिपूर्वक र बिना हतियारको सम्मेलन सभा गर्ने, नेपाल राज्यभर बिना रोकटोक घुमफिर गर्ने, नेपाल राज्यभर जुनसुकै भागमा पनि बसोबास गर्ने, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, कुनै पेशा, रोजगार, उद्योग वा व्यापार गर्ने समेतका स्वतन्त्रताहरु प्रदान गरेको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ९ मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रताको अधिकार हुने उल्लेख गरिएको पाइन्छ ।

यस सन्दर्भमा तराइ-मधेश लगायत देशका विभिन्न भागहरूमा शुरू भएका आन्दोनहरुमा शुरुका अवधिमा नागरिकहरुका स्वतन्त्रताका अधिकार उल्लङ्घन हुने किसिमका गतिविधिहरु न्युन थिए । आन्दोलनको विषयमा सरकार र आन्दोलनरत पक्षका केन्द्र देखि जिल्ला तहसम्म लामो समयदेखिको संवादहीनताको कारण वार्ता र संवाद हुन नसक्दा नागरिकहरुका स्वतन्त्रता तथा सुरक्षाका अधिकारहरुको संरक्षण चुनौतीपूर्ण बन्दै गयो । सरकारले विभिन्न जिल्लामा स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कर्फ्यु, दङ्गाग्रस्त क्षेत्रको घोषणा र निषेधाज्ञा जारी गरि ती क्षेत्रहरुमा आन्दोलन गर्न निषेध गऱ्यो । यस क्रममा आन्दोलनकारीहरुले निरन्तर रुपमा आफ्ना कार्यक्रम गर्दै आएका स्थानहरु समेत प्रभावित भए । सरकारबाट आन्दोलनकारीको आशंकामा दाङ्ग लगायतका जिल्लामा सडकमा हिंडिरहेका सर्वसाधारणहरुलाई समेत पक्राउ गर्ने कार्यहरु भए । विराटनगरमा खाजा

खाइरहेका आन्दोलनरत दलका कार्यकर्ताहरुलाई होटलभित्र प्रवेश गरि प्रहरीबाट दुर्व्यवहार हुँदा उनीहरु मध्ये केही घाइते भए । आन्दोलनकारीहरुबाट पनि मारेङ्ग, सुनसरी, बारा, पर्सा लगायतका जिल्लाहरुमा 'समूह विशेष' विरुद्ध बसोबास गरिरहेको स्थान छोड्न धम्कीहरु दिएको पाइयो । आन्दोलनकारीबाट जारी विज्ञप्ति अनुसूची–८ मा संलग्न गरिएको छ । विराटनगर रानीमा प्रहरीलाई पेट्रोल छर्किएर जलाउने प्रयास गरेको पाइयो । यस्ता घटनाहरुबाट नागरिकहरुका स्वतन्त्रता र सुरक्षाको अधिकार जोखिममा परे ।

आन्दोलनकारीहरुको बन्द हड्तालबाट नेपाली मात्र नभएर भारतीय मालवाहक सवारी साधनमा काम गर्ने मजुदुरहरुको रोजागारीको अधिकार समेत प्रभावित भएको बुझियो । जोगबनी नाकाहँदै भारत प्रवेश गर्ने सवारी साधनका मजदुरहरुले बन्दको कारण नेपालतर्फ आफ्नो सवारी साधन राख्नु पर्दा आफ्नो रोजगारी संकटमा परेकोले सहयोग गर्न आयोगको टोलीलाई अनुरोध गरेका थिए ।

सरकारबाट मात्र नभएर स्वयम् आन्दोलनकारीहरुले समेत एक अर्कालाई आफ्नो क्षेत्र भन्दै प्रवेशमा निषेध गर्ने प्रयास गरे । यस्तो दृश्य सूदुर पश्चिमाञ्चल क्षेत्रमा अखण्ड सुदुरपश्चिम र छुट्टै थरूहट राज्यको माग गरिरहेको समूहहरुबाट भयो । सर्वसाधारण नागरिकहरुका नेपाल राज्यभर बिना रोकटोक घुमफिर गर्ने, आवजातवत गर्ने, पेशा, रोजगार, उद्योग र व्यापार व्यावसाय सञ्चालन गर्ने स्वतन्त्रताहरु प्रत्यक्ष रुपमा प्रभावित भए । आन्दोलनकारीहरुबाट उद्योग कल, कारखानाहरुमा पनि पेट्रोल बम प्रहार गर्ने कार्य गरे । आन्दोलनरत क्षेत्रमा रहेका मात्र हैन त्यसको प्रभावबाट देशका अन्य क्षेत्रहरुमा समेत उद्योग, व्यापार, व्यावसाय सञ्चालन ठप्प हुँदा राष्ट्रलाई १० खर्बको आर्थिक नोक्सानी भइसकेको, उद्योग व्यावसाय र उद्योग प्रतिष्ठानहरुमा सुरक्षाको चुनौती बढ्दै गएको तथा उद्योग व्यावसाय अबपनि सुचारु हुन नसके कुनैपनि बेला अर्थतन्त्र गम्भीर संकटमा फस्ने भन्दै नेपाल उद्योग वाणिज्य महासंघले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ ।[21]बन्दको कारण भएको इन्धन समेतको अभावबाट सुनसरी–मोरङ्ग, पथलैया–वीरगञ्ज वुटवल–भैरहवा, कोहलपूर–नेपालगञ्ज करिडोरका सयौं उद्योग कलकारखानाहरु बन्द हुने क्रम बढ्दै गएको छ । यसबाट ती उद्योगहरुमा कार्यरत मजदुरहरुको रोजगारी संकटमा पर्नुको साथै राष्ट्रिय अर्थतन्त्र नै धरासायी हुन गई व्यवसाय र मानव अधिकार (Business and Human Rights) बीचको अन्योन्याश्रित सम्बन्धमा नकारात्मक प्रभाव पर्ने र त्यसबाट पेशा, व्यवसाय, रोजगारीको सुरक्षा तथा स्वतन्त्रता जोखिममा पर्ने निश्चित छ ।

आन्दोलनकारी तर्फबाट सार्वजनिक यातायातहरू अवरूद्ध पारिँदा सर्व साधारणहरूको आवत–जावत गर्ने स्वतन्त्रता पूर्ण रूपमा प्रभावित भएको छ । सार्वजनिक वा निजी सवारी साधन प्रयोग गरेर आवतजावत गर्न बाध्य यात्रुहरु चढेका सयौं सवारी साधनहरुमा आन्दोलनकारीहरुबाट आगजनि, तोडफोड र ढुङ्गा प्रहार गर्दा निर्दोष यात्रुहरुको सुक्षित आवत जावत गर्न पाउने स्वतन्त्रता कुण्ठित

[21] http://www.fncci.org/mailing/show.php

भएको छ । असोज ६ गतेको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको निर्णयपछि आन्दोलनकारी दलहरूको कार्यक्रम नेपाल भारत सीमाको नाका क्षेत्रमा केन्द्रित हुँदा त्यसबाट बहुआयामिक स्वतन्त्रताहरूको प्रचलनमा अवरोध सिर्जना भयो । नेपाल भारत सीमा नाकाबाट उपभोग्य वस्तुहरुको आयात र निर्यातमा आन्दोलनकारी र सोही आन्दोलनको कारण देखाउँदै सीमा क्षेत्रका भारतीय पक्षबाट अवरोध हुँदा नागरिकहरुको पेशा, रोजगार, उद्योग, व्यापार र व्यावसाय सञ्चालन गर्न पाउने स्वतन्त्रताहरु कुण्ठित भएका छन् ।

आन्दोलनको क्रममा विशेष गरी तराई मधेशका बारा, सप्तरी लगायतका जिल्लाहरूमा सुरक्षाकर्मी र उनीहरूका परिवारहरूलाई डेरा नदिन आन्दोलनकारी दलहरूबाट भएको निर्णय विरुद्ध आयोगले तत्काल हस्तक्षेप गर्नु पर्‍यो । मोरङ्ग जिल्लामा आन्दोलनकारीहरूले पहाडी समुदायहरू आन्दोलनमा सहभागि नभए पहाडतिरै फर्किनु पर्ने भन्दै भाषण गर्दा सो समुदायमा त्रासको वातावरण उत्पन्न भएको गुनासो आयोग समक्ष प्राप्त भयो । सुरक्षा निकाय र आन्दोलनकारीहरूको केन्द्रीय नीति विपरित सुरक्षाको लागि खटिएका केही सुरक्षाकर्मीहरू र आन्दोलनको क्रममा प्रदर्शनीमा रहेका प्रदर्शनकारीहरू दुवै पक्षबाट एक अर्कालाई साम्प्रदायिक आक्षेप लगाउने कार्यले त्रासको वातावरण उत्पन्न भई स्वतन्त्रता तथा सुरक्षाको अधिकार उपभोग गर्ने कार्यमा अवरोध भयो ।

### ग) शान्तिपूर्वक भेला हुने अधिकार

तत्कालीन नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ को उपधारा(२)(ख) ले बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता प्रदान गरेको थियो । सोही व्यवस्था नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २(ख) ले पनि प्रदान गरेको छ । नागरिक अधिकार ऐन २०१२ को दफा ६(२) मा शान्तिपूर्वक र विना हतियारको सम्मेलन सभा गर्ने स्वतन्त्रता प्रदान गरिएको छ ।नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा २१ ले पनि सो अधिकार प्रदान गरेको छ । यस सन्दर्भमा संविधानमा आफ्ना अधिकारहरु समावेश गर्ने मागराखी शुरु भएका आन्दोलनहरु शान्तिपूर्ण रुपमा सम्पन्न हुँदै आएका थिए । सरकारले त्यस बखत त्यस्ता आन्दोलनहरुमा शान्तिपूर्वक भेला हुने लगायतका स्वतन्त्रताहरुको पूर्ण उपभोगमा बन्देज लगाएको थिएन ।

तर संविधानको प्रारम्भिक मस्यौदा सुझावको लागि प्रस्तुत भएपछि शान्तिपूर्वक भेला हुने अधिकारको पूर्णतः पालना हुन सकेन । काठमाडौंमा हिन्दु राज्य लेखिनु पर्ने भन्दै भएको आन्दोलन र दलित समुदायले संविधानमा आफ्ना अधिकार सुनिश्चित गर्न गरेका आन्दोलनामा प्रहरीबाट बल प्रयोग भई आन्दोलनकारीहरु घाइते भए । आन्दोलनकारीहरुबाट कतिपय अवस्थामा निषेधित क्षेत्रमा प्रवेश गर्दा पनि यस्ता घटना भएको पाइयो । सुर्खेत र जुम्लामा भएका आन्दोलनहरुले सरकारी, सार्वजनिक, राजनीतिक दलका कार्यालयहरु तथा व्यक्तिगत सम्पतिको तोडफोड र आगजनी शुरु गरेपछि निषेधाज्ञा तथा कर्फ्यु लगाउने कार्यको शुरुवात भयो । पछिल्लो समय कैलालीको

टिकापुरमा भदौ ७ गते भएको प्रदर्शनीमा आन्दोलनकारीहरुले भाला, बञ्चरो जस्ता घरेलु हतियार प्रयोग गरि वरिष्ठ प्रहरी उपरिक्षक समेतको हत्या गरेपछि सरकारले स्थानीय प्रशासन ऐन २०२८ को प्रयोग गरि आन्दोलित अधिकांश जिल्लाहरुमा निषेधाज्ञा, दङ्गाग्रस्त क्षेत्र तथा कर्फ्यु लगाउने कार्य गऱ्यो । सुर्खेत तथा वीरगञ्जमा कर्फ्युको सूचना समायमा नै प्रवाह हुन नसक्दा स्वतन्त्रता र सुरक्षाको अधिकार थप प्रभावित भयो । आयोगको अनुगमनबाट शान्ति सुरक्षा तथा कानुन कार्यान्वयन गर्ने, गराउने सन्दर्भमा प्रहरीहरुले प्रयोग गरेको गोली लगि मृत्यु भएका तथा घाइते भएका व्यक्तिहरुको घाउचोट र घटनास्थल वरपर लागेका गोलीका डोबहरुको अवस्थाले आवश्यकताभन्दा बढी बलको प्रयोग गरेको देखिएको छ । शरिरको विभिन्न भागमा लागेको, तथा गोली चलेका स्थानमा सर्वसाधारणका घर पसलका सटर एवं बिजुलीका खम्बाहरुमा लागेका गोलीका डोबहरुको अवस्था हेर्दा कतिपय घटनाहरुमा प्रहरीबाट अत्यधिक बलको प्रयोग गरेको थप पुष्टि भएको देखियो । निषेधाज्ञा, कर्फ्यु वा दङ्गाग्रस्त क्षेत्र तोड्ने क्रममा झडप भई आन्दोलनकारी र सुरक्षाकर्मीहरू घाइते भएको पाइएको छ । बारा र पर्सा जिल्लामा प्रहरीबाट प्रयोग गरेका अश्रुग्याँस म्याद नाघेको पाइएका थिए ।

अर्कोतर्फ आन्दोलनकारीहरु सरकारले अनावश्यक स्थानमा पनि कर्फ्यु लगाई शान्तिपूर्ण रुपमा आन्दोलन गर्न पाउने अधिकारको उल्लङ्घन भएको भन्दै आक्रोशित भए । आन्दोलनकारीहरुबाट निषेधाज्ञा, दङ्गाग्रस्त क्षेत्र तथा कर्फ्यु तोड्ने काम सक्रियताका साथ भयो । परिणाम स्वरुप आन्दोलनकारी र सुरक्षाकर्मीहरुबीच ठाउँठाउमा झडपहरु भए । झडपको क्रममा सुरक्षाकर्मीहरुले गोली  लगायतका हतियारको प्रयोग गरे । आदोलनकारिहरुले लाठी, ढुङ्गा, भाला सहितका घरेलु हतियार, पेट्रोल बम तथा अन्य प्रज्वलनशील पदार्थहरुको समेत प्रयोग हुँदा शान्तिपूर्वक भेला हुन पाउने अधिकारमा प्रभावित पऱ्यो । त्यसबाट नागरिकको जीवनको अधिकार अन्त्य सँगै सरकारी, सार्वजनिक, राजनैतिक दलका कार्यालयहरु तथा निजी सम्पतिहरुमा ठुलो क्षति हुन गयो ।

संयुक्त मधेशी मोर्चाको २०७२ असोज ७ गते राजविराजमा सम्पन्न बैठकले आन्दोलनलाई अझ सशक्त बनाउने भन्दै राजमार्ग र नेपाल भारत सीमा बन्द गर्ने निर्णयपछि वीरगञ्ज स्थित नेपाल–भारत सीमाको दशगजा क्षेत्रमा समेत प्रदर्शनी र आवागमन बन्द गर्ने कार्य भयो । उनीहरुले भारतीय भूमीमा खाना पकाएर खाई नेपाल–भारत दुवै तर्फको आवागमन बन्द गरे । यसबाट नेपाल–भारत सीमा क्षेत्रको शान्ति सुरक्षाको अवस्था पनि चिन्ताजनक हुन पुग्यो ।

उल्लिखित केही प्रतिनीधि मुलक घटनाहरुबाट आन्दोलनकारीहरुले शान्तिपूर्ण रुपमा भेला हुन पाउने अधिकारको सन्दर्भमा आफ्नो दायित्व निर्वाह गर्न नसकेको देखिएको छ । साथै सरकार पनि यस सम्बन्धी  अधिकार प्रचलनको सहज वातावरण बनाउन सफल हुन नसकेको देखिन्छ ।

**घ) अभिव्यक्ति स्वन्त्रता सम्बन्धी अधिकार**

तत्ककालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ ले प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक प्रदान गरेको थियो । नेपालको संविधान २०७२ को धारा १९ ले सञ्चारको हक प्रदान गरेको छ । यस धाराले विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने व्यवस्था गरेको छ । नाागरिक अधिकार ऐन २०१२ को दफा ६(१) ले नेपाली नगारिकहरुलाई कानुनको अधिनमा रही वाक् र प्रकाशन स्वतन्त्रता उपभोग गर्ने अधिकार प्रत्याभूत गरेको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १९(२) ले पनि यसै प्रकृतिको सूचना, सञ्चार, प्रेस तथा छापाखाना सम्बन्धी अधिकारको बारेमा उल्लेख गरेको छ ।

तर यस आन्दोलनमा आन्दोलनकारी र सुरक्षाकर्मी दुवै पक्षबाट उल्लिखित व्यवस्थाहरुको अक्षरशः पालना र दायित्व निर्वाह हुनसकेको पाइएन । अभिव्यक्ति स्वतन्त्रताको नाममा यस अवधिमा आन्दोलनरत दलका नेताहरुबाट सर्वसाधारण नागरिकहरुलाई हतियार लिएर आन्दोलनमा आउन, आन्दोलनको क्रममा मृत्यु भएमा रु. ५० लाखसम्म क्षतिपूर्ति उपलब्ध गराउने जस्ता उक्साहटयुक्त अभिव्यक्ति दिएको अवस्था रह्यो । यसै क्रममा राजनीतिक दलका केही नेतृत्व वर्गहरुले मधेशी र पहाडी समुदायबीच सामाजिक सद्भाव खल्बल्याउने दुर्भावनायुक्त अभिव्यक्ति दिने र विज्ञप्ति सार्वजनिक गर्ने जस्ता असामाजिक अभिव्यक्ति दिएपनि त्यस विरुद्ध ती क्षेत्रका नागरिकहरु कतिपनि विचलित नभई तराई–मधेसका जनताहरु बीच सामाजिक सद्भाव कायम रहेको अवस्था छ । तर त्यस्ता नेताहरुको अभिव्यक्तिको कारण उनीहरु पूर्णरुपमा सुरक्षित रहेको आश्वस्त हुन सक्ने अवस्था बनिसकेको छैन ।

नेतृत्व तहमा रहेका केही व्यक्तिहरुको अभिव्यक्तिको कारण सञ्चारकर्मीहरुको आवागमन र सन्चार माध्ययमहरुको वितरण प्रणाली सहज हुन नपाउँदा आन्दोलन भइरहेका क्षेत्रहरुमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नराम्ररी कुण्ठित भएको नेपाल पत्रकार महासंघको टिप्पणी रहेको देखिन्छ ।[22] उता राष्ट्रिय प्रशारणहरूमा आन्दोलनको सन्दर्भमा विभेदजन्य तरिकाबाट समाचार प्रकाशन एव प्रसारण हुने गरेकोले त्यस्तो अवस्था आएको आन्दोलनकारीहरुको भनाई रहेको देखिन्छ । केही सीमित व्यक्तिहरुको अभिव्यक्ति र व्यवहारको कारण सामाजिक सञ्जालहरू (फेसबुक, ट्वीटर आदि) मा सामाजिक सद्भाव भड्काउने र एक अर्काप्रति विद्वेष फैलाउने कार्य भएको थियो । धनुषा, महोत्तरी लगायतका जिल्लाहरूमा केही नीजि टेलिभिजनहरूको प्रसारण आन्दोलनकारीबाट निषेध गरिएको थियो । सिरहा जिल्लामा आन्दोलनकारीहरूबाट कान्तिपुर दैनिकलाई निषेध गरिएको थियो । आन्दोलनकारी दलहरूले नेपाल–भारत नाकाबन्द गरेपछि आयात निर्यातमा भएको अवरोध भारतीय पक्षबाट भएको भन्दै काठमाडौं लगायतका क्षेत्रहरूमा हिन्दी टिभी च्यानलहरु र तराई

---

[22] www.fnjnepal.org; नेपाल पत्रकार महासंघ, मधेश मिडिया मिसनको सङ्क्षिप्त प्रतिवेदन

मधेश क्षेत्रमा नेपाली च्यानलहरू बन्द गर्ने सम्मका गलत अभ्यासहरू भए । तर सरकारले त्यस्तो कार्य नगर्न तत्काल निर्देशन दियो । उपभोग्य सामग्रीहरुको आयात निर्यातको अवरोध भएपछि पत्रपत्रिका प्रकाशनको लागि कागज लगायतका सामग्रहिरूको अभाव हुँदा विराटनगरबाट प्रकाशित हुने दैनिक पत्रिकाहरु र अन्य स्थानीय पत्रपत्रिकाहरूको प्रकाशन बन्दहुने अवस्था भयो । प्रकाशनमा रहेका पत्रिका तथा पत्रिका बोकेका सवारीसाधनहरु कतिपय स्थानमा जलाइए ।

आन्दोलनकारीहरुबाट वीरगञ्ज स्थित एभिन्युज टेलिभिजनको क्षेत्रीय कार्यालयमा तोडफोड भयो । यस विषयमा नेपाल पत्रकार महासंघले प्रेस विज्ञप्ति जारी गरेर विरोध गऱ्यो ।[23] महासंघले २०७२ असोज ४ गते पत्रकार महासंघ वीरगञ्ज शाखाको भवनमा भएको तोडफोड विरुद्ध विज्ञप्ती जारी गऱ्यो । सूचना तथा सञ्चारको लागि सक्रिय पत्रकारिता सञ्चार माध्ययमहरुमा आगजनी गरेको, सञ्चार माध्ययमका सवारी साधनहरुको तोडफोड, महासंघ जिल्लास्थित कतिपय भवनहरुमा आगजनी लगायतका नौवटा घटनाहरु भएका उल्लेख गरी पुनः १४ गते प्रेस विज्ञप्ति जारी भयो । महासंघले आन्दोलनको कारण करिब एक दर्जन एफएम रेडियो स्टेशनहरु र पत्रपत्रिकाहरुको प्रसारण प्रकाशन अवरुद्ध भएको र कतिपय पत्रकारहरु कार्यक्षेत्रबाट विस्थापन भएको उल्लेख गरेको छ । मुलुकका विभिन्न भागमा सुरक्षाकर्मी र आन्दोलनकारीहरुबाट पत्रकार र सञ्चार माध्यममाथि आक्रमण गर्ने, भौतिक कारवाहीको धम्की दिने, सवारी साधनमा अवरोध र आगजनी गर्ने जस्ता कार्यहरु आन्दोलनको क्रममा सुरक्षाकर्मी र आन्दोलनकारी दुवैपक्षबाट हुँदा आन्दोलनरत क्षेत्रमा सूचना, सञ्चार, प्रेस तथा छापाखाना सम्बन्धी अधिकारको प्रचलन सहजताका साथ हुन सकेन ।

### (ङ) यातना, अपमानजनक तथा अमानवीय व्यवहार विरुद्धको अधिकार

नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ ले थुनामा रहेको कुनैपनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने सुनिश्चितता प्रदान गरेको थियो । नेपालको संविधानको धारा २२ ले पनि पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने प्रष्ट गरेको छ । यस्तै व्यवस्था नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ७ र यातना विरुद्धको महासन्धि १९८४ का विभिन्न धाराहरुले गरेका छन् । तर आन्दोलनको क्रममा प्रदर्शनमा रहेका वा पक्राऊ परेका कतिपय व्यक्तिहरुले आफुमाथि प्रहरीबाट अपमानजनक र अमानवीय व्यवहार भएको गुनासो आयोग समक्ष व्यक्त गरेका थिए । आयोगको अनुगमनबाट सिरहाको लहान इलाका प्रहरी कार्यालयमा आन्दोलनकारीको आरोपमा पक्राउ परेका केही व्यक्तिहरूलाई प्रहरीबाट कुटपीट गरेको भन्ने पाइएको छ भने आन्दोलनकारीहरूबाट पनि प्रहरी माथि ढुङ्गामुढा हुँदा प्रहरीहरू पनि घाइते भएको पाइएको छ ।

[23] http://www.fnjnepal.org/media/?cat=3,

मोरङ्ग जिल्लाको विराटनगर डाइनियाँ, गोविन्दपुर, रानीमा पनि प्रहरीहरुबाट सर्वसधारणहरु माथि कुटपीट, अपमानजनक र अमानवीय व्यवहार गरेको बुझिएको छ । सर्वसाधारणको घरमा प्रवेश गरी कुटपीट गर्ने गरेको गुनासो प्राप्त भएका थिए । समाचार संकलनको क्रममा नेपाल प्रहरी र आन्दालनरत पक्षहरुले पत्रकार तथा मानव अधिकारकर्मीहरु माथि पनि अपमानजनक व्यवहार गरेको पाइएको छ । जुम्ला, धनुषा, झापा र सप्तरीमा मानव अधिकार रक्षकमाथि आन्दोलनरत पक्षबाट दुर्व्यवहार भएको पाइएको थियो भने मोरङ्ग लगायतका जिल्लाहरुमा प्रहरीबाट सोही समुदायका केही व्यक्तिहरुमाथि अपमानजनक र अमानवीय व्यवहारहरु भएको पाइएको छ । नेपाल प्रहरीका एक प्रहरी कर्मचारीले सामाजिक सन्जाल मार्फत नेपाल सरकारका एक पूर्वमन्त्रीलाई गरिएको अपमानजनक र आपत्तिजनक व्यवहारको सम्बन्धमा आयोगमा लिखित उजुरी पर्न आयो ।

### च) निष्पक्ष सुनुवाइको अधिकार

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ ले न्यायसम्बन्धी हकको व्यवस्था गरेको छ । सोही व्यवस्था २०७२ सालमा जारी नेपालको संविधानको धारा २० मा पनि गरिएको छ । धारा २० को उपधारा ९ ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने उल्लेख गरेको छ । नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ९ मा पनि सोही बमोजिमको व्यवस्था गरिएको पाइन्छ ।

आयोगले गरेको अनुगमनबाट यस आन्दोलन अवधिमा कैलालीको टिकापुर घटनामा संलग्न भएको आरोपमा व्यक्तिहरुलाई पक्राउ गरी कानुनी कारवाहीको प्रकृया अगाडी बढेको पाइए छ । कैलाली घटनामा नेपाल प्रहरीले ३६ जना व्यक्तिहरुलाई सो घटनामा संलग्न भएको र उनीहरु फरार भएका भनी मुद्दा दायर गरेको छ भने २२ जना विरुद्ध जिल्ला अदालत कैलालीमा कर्तव्य ज्यान मुद्दा दायर गरेको देखिन्छ । तर घटनामा पक्राउ परेका व्यक्तिहरुले उक्त घटना राजनीतिक कारणले भएकोले सोही बमोजिम व्यवहार हुनु पर्ने भन्ने तर्क राखिरहेका छन् । उनीहरुले आफुहरुप्रति पूर्वाग्रह राखि मुद्दा चलाइएको गुनासो गरेका छन् ।

बारा जिल्लामा सौरभ इन्टरप्राईजेजमा पार्किङ्ग गरेर राखिएका ट्रकमा तोडफोड र आगजनी गरेको आरोपमा तराई मधेस लोकतान्त्रिक पार्टीका महामन्त्री जितेन्द्र सोनल र बारा जिल्ला अध्यक्ष नवल किशोर सिंहलाई प्रहरीले पक्राउ गरी १० दिन सिमरास्थित प्रहरी कार्यालयमा र २०७२ भदौ ७ गते जिल्ला प्रहरी कार्यालय कलैयाको थुनामा राख्यो । उनीहरुलाई जाहेरी बमोजिम सार्वजनिक अपराधमा मुद्दा चलाइएको पाईयो । सिमरा प्रहरी कार्यालयमा आफुहरुलाई दुर्व्यवहार भएको उनीहरुको दावी थियो । मोरङ्ग जिल्लाका आन्दोलनरत केही विद्यार्थी नेताहरुलाई प्रहरीको गाडी तोडफोडमा संलग्न भएको आरोपमा पक्राउ गरि हिरासतमा राखियो । पक्राउ परेका घाइतेको समयमा नै उपचार हुन नसकेको आन्दोलनकारीहरुको भनाइ थियो भने प्राथमिक उपचार गराई हिरासतमा राखिएको र थप उपचारको लागि पुनः लगिने भन्ने प्रहरीको भनाइ थियो । उनीहरुको

सन्दर्भमा पक्राउ परेका तिनै जना व्यक्तिहरुको मादक पदार्थ सेवन गरेको मेडिकल प्रतिवेदन भएको पनि भनाइ थियो ।

आयोगको अनुगमनबाट उनीहरुलाई न्यायसम्बन्धी हक विपरितका कुनै कार्य प्रहरीबाट भएको भन्ने जानकारी प्राप्त हुन आएन । पक्राउ परेका आन्दोलनकारीहरुको गुनासो कानुनी प्रकृयामा नभई राजनीतिक प्रकृयामा रहेको देखिन्छ ।

**छ) मानव अधिकार रक्षकहरुको अधिकार**

संयुक्त राष्ट्रसंघले सन् १९९८ मा Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms जारी भयो । जसलाई मानव अधिकार रक्षक मार्ग निर्देशिका भनिन्छ । यससम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोले पनि मानव अधिकार रक्षक मार्गनिर्देशिका २०६८ जारी गरेको छ । ती निर्देशिकाहरुमा मानव अधिकार रक्षकहरुको दायित्व तथा सुरक्षाको बारेमा उल्लेख गरेको छ ।

मानव अधिकार प्रचलनको जोखिम रहने हरेक क्षेत्रमा मानव अधिकार रक्षकहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानव अधिकार रक्षकहरुको सशक्त उपस्थितिबाट नै वास्तविक रुपमा मानव अधिकार अवस्थाको चित्रण हुनसक्दछ । यसै बमोजिम मुलुकमा भएका विभिन्न आन्दोलनहरुमा मानव अधिकार रक्षकहरुको महत्वपूर्ण भूमिका रहेको थियो । यसबाट मानव अधिकार अवस्थाको वास्तविक चित्रणको लागि सहयोग समेत पुगेको थियो । तर नयाँ संविधानमा प्रदेशहरुको नामाङ्कन र सीमाङ्कनको विषयलाई लिएर भएका आन्दोलनहरुमा विगतमा भएका आन्दोलनहरुको तुलनामा मानव अधिकारकर्मीको उपस्थिति प्रभावकारी देखिएन । त्यसमा पनि स्थलगत रुपमा अनुगमनमा रहेका अधिकारकर्मीहरु मानव अधिकारको मूल्य मान्यताभन्दा पनि आन्दोलनरत दलहरुका मागको पक्ष वा विपक्षमा रही काम गर्नुपर्ने अवस्था देखियो । जसको कारण यस आन्दोलनमा मानव अधिकारकर्मीहरुको अधिकार पनि पूर्णतः संरक्षित रहन सकेन । संविधानको विषयलाई लिएर भएको आन्दोलनमा आफ्ना २१ जना पत्रकारमाथि भौतिक आक्रमण भएको र त्यसमध्ये एक जनालाई गोली लागेको तथा १९ जना पत्रकाकरमाथि दुर्व्यवहार भएको नेपाल पत्रकार महासंघले उल्लेख गरेको छ ।[24] महासंघले पत्रकारहरु दुवैपक्षको दवावको कारण स्वनियन्त्रण (Self Sensorship) मा रहेका, कतिपय अवस्थामा राष्ट्रिय सञ्चार माध्यमहरुमा स्थानीय सरोकार र संवेदनशीलतालाई ध्यान नदिँदा पनि स्थानीय सञ्चारकर्मीहरु जोखिममा पर्ने गरेको हुँदा त्यसतर्फ ध्यान दिन पनि अनुरोध गरेको देखिन्छ । जुम्ला र धनुषाका प्रदर्शनकारीहरु र प्रहरीबाट आयोगको अनुगमन टोली तथा अधिकारकर्मीहरु माथि दुर्व्यहार भएकोमा पछि त्यस्तो

[24] http://www.fnjnepal.org/media/?cat=3

घटनाप्रति खेद प्रकट गर्दै आन्दोलनको प्रभावकारी अनुगमन गरिदिन आन्दोलनरत दलहरुबाट अनुरोध भई आएको छ ।

आयोगको अनुगमनबाट मानव अधिकार रक्षकको अग्रपंक्तिमा रहेका मानव अधिकारकर्मीहरु र सञ्चारकर्मीहरु दुवै पक्षबाट पीडित भएका छन् । प्रहरी तर्फबाट विराटनगर स्थित एभिन्युज टेलिभिजनका प्रतीक श्रेष्ठ, हिमालय टेलिभिजनका हिमाल खड्का र नेपाली पत्र साप्ताहिकका ब्रम्हदेव यादव र कान्तिपुर दैनिकका सम्वाददाता अवधेश कुमार झा तथा क्राइम अपरेसन साप्ताहिकका श्यामसुन्दर सुतिहार माथि दुर्व्यवहार भयो । मकालु टिभीका नविन कर्ण र उज्यालो दैनिकका जितेन्द्र ठाकुर माथि आन्दोलनकारीहरुले आक्रमण र दुर्व्यवहार गरे । उनीहरुले विराटनगर महाबिर चोकमा आयोगको सवारी साधनमा ढुङ्गामुढा गरे । आन्दोलनको विपक्षमा रहेका समूहबाट आयोग र विराटनगर स्थित मानव अधिकारकर्मीहरुको समूहलाई धम्की दिने कार्य भयो । धनुषामा राष्ट्रिय मानव अधिकार आयोग जनकपुरका कर्मचारी अजितकुमार ठाकुर सहित स्थानीय मानव अधिकारकर्मीहरु विरेन्द्र कर्ण, नागेन्द्र साह, राजकुमार महासेठ र देवकुमार महतो माथि नेपाल प्रहरीबाट कुटपिट भयो । सुर्खेतमा प्रहरीको गोली लागि पत्रकार आइसिंङ रोकामगर घाईत हुन पुगे । कैलालीमा मानव अधिकारकर्मीहरु खड्गराज जोशीलाई आन्दोलनकारीबाट धम्की दिने कार्य भयो ।

जुम्लामा गोली लागेका घाइते भएका व्यक्तिहरुको अवस्था बुझ्न कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल पुगेको राष्ट्रिय मानव अधिकार आयोग जुम्लाका प्रमुख राजेन्द्र न्यौपाने र कृष्णनारायण श्रेष्ठमाथि आन्दोलनकारीबाट हातपात तथा दुर्व्यवहार भयो । झापामा आन्दोलनकारीहरुबाट पत्रकार कृष्ण हुमागाईं माथि कुटपीट भयो । वीरगञ्ज स्थित एभिन्युज टेलिभिजनका व्यूरो प्रमुख राजु श्रेष्ठ, सम्वाददाता जयलाल शाह माथि आक्रमण प्रयास भएको सार्वजनिक भयो । विरगञ्ज एफएममा आन्दोलनकारीहरुले विभिन्न गाली गलौज र धम्कीहरु आएको भनी सो एफएमले असोज ५ गते विहान ५ बजे देखि दिउँसो २ बजेसम्म आफ्नो प्रसारण बन्द गरेको थियो । कान्तिपुर दैनिकका बर्दिया सम्वाददाता कमल पन्थीलाई असोज १५ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचारको विषयलाई लिएर थरुहट/थारुवान सम्बद्ध एक व्यक्तिले सामाजिक सञ्जाल मार्फत चौराहमा लगेर जलाउनु पर्ने भनी धम्की दिएको भन्दै स्थानीय प्रशासनले कानुनी कारवाही अगाडी बढायो । बारा जिल्लामा पत्रकार महासंघ बाराका सचिव जयनारायाण यादव, कोषाध्यक्ष भैयाराम साह र कार्यसमित सदस्य शंकर मिश्रमाथि पनि दुर्व्यवहार भयो । सुनसरी जिल्ला सदरमुकाममा थारू कल्याणकारी सभाका एक पूर्वअध्यक्षले मानव अधिकारकर्मीहरूलाई कठालो समाएर निकाल्ने भनी सार्वजनिक अभिव्यक्ति दिए । सिरहाका मानव अधिकारकर्मीहरुले आन्दोलनकारीहरूबाट अप्रत्यक्ष रुपमा मानव अधिकार रक्षकलाई दवाव दिने गरेको गुनासो गरे । सप्तरीमा घटनाको बारेमा जानकारी लिन भारदह पुगेका मानव अधिकारकर्मी जङ्गबहादुर सिंह माथि आन्दोलनकारी पक्षबाट कुटपिट भयो । वीरगञ्ज नारायणी क्षेत्रीय अस्पताल

पुगेका पत्रकारहरु नरेश सर्राफ, आर के पटेल, राम सर्राफ, नेहाल खान तथा अजित भुजेलमाथि पनि आन्दोलनकारीहरुबाट दुर्व्यवहार गरेका थिए ।

### ज) शिक्षाको अधिकार

नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ ले नेपाली नागरिकहरुको शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरेको थियो । नेपालको संविधानको धारा ३१ मा पनि शिक्षा सम्बन्धी अधिकारकोलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा १३ मा पनि प्रत्येक व्यक्तिको शिक्षाको अधिकार हुने उल्लेख छ । बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २८ ले पनि यस विषयलाई सम्बोधन गरेको छ ।

तर आन्दोलनबाट प्रभावित अधिकांश जिल्लाका बालबालिकाहरु शिक्षाको अधिकार प्राप्तीबाट पूर्ण रुपमा बञ्चित हुनु परेको अवस्था रह्यो । आन्दोलनबाट प्रभावित जिल्लाका विद्यालयहरुमा अध्ययनरत अधिकांश विद्यार्थीहरु बन्दको कारण शिक्षा प्राप्त गर्ने अधिकारबाट बञ्चित रहेका छन् । पर्सा जिल्लाको उदाहरण लिने हो भने १२२ दिन मध्ये पाँच दिनमात्र विद्यालय सञ्चालन भएको देखिन्छ । आन्दोलन समेतको कारणबाट १६ लाखभन्दा बढी विद्थार्थीहरुको पढाई प्रभावित भएको युनिसेफको भनाइ देखिन्छ ।[25] आंशिक रुपमा विद्यालय सन्चालन भएका क्षेत्रहरुमा पनि विद्यार्थीहरुलाई अध्यापन गराउनु पर्ने शिक्षकहरु समेत आन्दोलनमा सक्रिय भएको पाइएको छ । आन्दोलित जिल्लाहरु मध्ये इलाम, धनकुटा, सिरहा, महोत्तरी, बारा, रुपन्देही, वाग्लुङ्ग, दाङ्ग लगायतका जिल्लाहरुमा विद्यालयहरु अनौपचारिक तवरले आंशिक रुपमा सन्चालनमा रहेको पाइएको थियो । दाङ्ग जिल्लामा शान्ति सुरक्षाको अवस्था नाजुक भएको भन्दै आंशिक रुपमा सञ्चालनमा रहेको विद्यालय बन्द गर्न प्रमुख जिल्ला अधिकारीबाट निर्देशन भएको पनि पाइयो । अधिकांश विद्यालयहरु आन्दोलन अवधिभर बन्द रहेका पाइयो ।

आंशिक रुपमा विद्यालय सन्चालन भएका क्षेत्रहरुमा पनि अधिकांश रुपमा निजी विद्यालयहरु बढी थिए । सो क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकहरु आन्दोलनमा सक्रिय हुँदा ती विद्यालयहरु सञ्चालन हुन नसकेको गुनासो सिरहामा प्राप्त भएको थियो । विद्यालहरू बन्द हुँदा बालबालिकाहरु कतिपय जिल्लाहरुमा आन्दोलनमा सहभागि भएको पनि पाइयो जसको कारण बालवालिका माथि जोखिमपूर्ण घटनाहरु भएका बुझियो । आन्दोलन अवधिमा सिरहा जिल्लामा विद्यार्थी बोक्ने एउटा बस जलाएको पाइयो । बारामा बिहान १० बजेभित्रमा विद्यालय सञ्चालन गरी बन्द गरिसक्नु पर्ने सहमति भएपनि शान्ति सुरक्षा र विद्यालयका सवारी साधनहरु चल्न

[25] *http://unicef.org.np/media-centre/press-releases*

नसक्दा सो निर्णय जिल्लाभरी कार्यान्वयन हुन चुनौतीपूर्ण देखियो । आन्दोलनबाट प्रभावित जिल्लाका विद्यार्थीहरु शिक्षा प्राप्तिबाट बञ्चित रहेको अवस्थामा मुलुकका अन्य जिल्लाका विद्यालयहरु नियमितरुपमा सन्चालनमा रहेको सन्दर्भमा ती क्षेत्रका विद्यार्थीहरुले भविष्यमा हुने हरेक किसिमका शैक्षिक प्रतिष्पर्धामा पछि रहनु पर्ने अवस्था आएको देखिन्छ । आन्दोलनरत पक्ष र सरकारले समयको वेगसँगै युवा तथा बालबालिकाको शिक्षासम्बन्धी हकलाई सुनिश्चित गर्न समयमा नै गम्भीरतापूर्वक मनन गरी ठोस निष्कर्षमा पुग्नु आवश्यक देखिएको छ ।

**झ) बालबालिकाको अधिकार**

जुम्ला, बाग्लुङ्ग, धनुषा, महोत्तरी, पर्सा, कैलाली लगायतका जिल्लाहरुमा विद्थार्यीहरुलाई शिक्षा प्राप्तिको लागि विद्यालय पठाउनु पर्ने अवस्थामा आन्दोलनकारीहरुले बालवालिकाहरूलाई शरीरको माथिल्लो भाग नाङ्गो बनाइ आँखामा चस्मा लगाई जुम्लामा, मानव साङ्लो कार्यक्रममा वाग्लुङ्ग, धनुषा, महोत्तरी तथा प्रशर्दनीमा पर्सा तथा कैलाली जिल्लामा प्रयोग गरिएको पाइएको थियो । आन्दोलनको क्रममा सुर्खेत, कैलाली, मोरङ्ग लगायतका जिल्लामा बालबालिकाहरुलाई पक्राऊ गरी हिरासतमा राखिएको पाइएको थियो । आन्दोलनमा ६ जना बालबालिकाको हत्या भयो । ती मध्ये एकजना चार वर्षका र अर्का अठार महिनाका मात्र थिए । जनकपुरका १५ वर्षीय बालक गम्भीर घाइते भए । बालबालिका शान्तिक्षेत्रप्रतिको प्रतिबद्ता पूर्णतः उल्लङ्घन भयो । उल्लिखित तथ्यहरुबाट बाल अधिकारको अवस्था पनि सन्तोषजनक रहन सकेन ।

ञ) **स्वास्थ्यको अधिकार**

नेपालको अन्तरिम संविधान २०६३ को धारा १६ ले स्वास्थ्य अधिकार सम्बन्धी व्यवस्था गरेको थियो । नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने हक हुने उल्लेख गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १२ ले शारिरीक तथा मानसिक स्वास्थ्यको उच्चतम स्तर प्राप्तिको अधिकारलाई सुनिश्चित गरेको छ ।

तर आन्दोलन अवधिमा नेपाली र नेपालमा बस्ने विदेशी नागरिकहरुको स्वास्थ्य उपचार समेत प्रभावित भयो । आन्दोलनको शुरुको अवधिमा सवारी साधनहरु बन्द हुँदा बिरामीहरु स्वास्थ्य केन्द्रसम्म पुग्न सक्ने अवस्था भएन । विशेष गरि ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र गर्भवति महिलाहरुको स्वास्थोपचार थप चुनौतीपूर्ण बन्यो । आन्दोलनको कारण औषधि लगायतका आधारभूत आवश्यकताको परिपूर्ति कठिनाई भयो । सप्तरी जिल्लामा आधारभूत औषधिको अभाव रहेका थियो । अक्सिजन ग्याँसको अभावमा शल्यक्रिया लगायतका सेवाहरु प्रभावित बन्न पुगे । अस्पतालहरुमा भर्ना भएका बिरामीहरुलाइ इन्धन अभावमा खाना ख्वाउन समेत समस्या भएको देशका अवस्था प्रमुख अस्पतालहरुबाट सार्वजनिक भयो । यस अवधिमा तुलनाबतमक रुपमा सबैभन्दा बढी सरकारी स्वास्थ्य केन्द्रहरु प्रभावित भए ।

पर्सा र रुपन्देहीमा अस्पताल हातामा प्रहरी प्रवेश गर्दा बिरामीहरू त्रसित हुने अवस्था सिर्जना भयो । वीरगञ्जमा अस्पताल हाताभित्र नै गोली लागि एकजना चिकित्सक घाइते भए । कर्फ्यु अवधिमा समयमा नै चिकित्सकहरूलाई पास नदिईंदा विरामीहरूको स्वास्थ्य उपचारमा समस्या भयो । लामो समयदेखि भएको आमहड्ताल र नाकामा भईरहेको आन्दोलनबाट शान्तिसुरक्षा नभएको भन्दै भारतले नेपालतर्फ सामान नपठाएपछि मोरङ्ग, पर्सा लगायतका जिल्लाहरुमा  मृगौलाको उपचारको लागि अत्यावश्यक Lyasis Injection, अन्य व्यक्तिको समान ग्रुपको रगत दिँदा विरामिलाई रियाक्सन हुँदा चाहिने अत्यावश्यक Avil, आँखाको विभिन्न किसिमको रोगको उपचारको लागि अत्यावश्यक FML eye drops, Ocuvir र Nesporin, बिरामीलाई ईन्जेक्सन दिदा सुन्निएमा लगाइने मलहम Thombophomb, मानसिक रोगीको उपचारको लागि अत्यावश्यक Trovet-200 र Oliza-5mg, कोनिक एलर्जिलाई रोक्ने अत्यावश्यक Medrol-16, अपरेसन गर्दा बेहोस पार्न लगाइने अत्यावश्यक इन्जेक्सन Vacuron injection जस्ता अत्यावश्यक औषधिहरुको अभाव भएको पाइएको थियो ।

### ट) उपभोक्ताको मानव अधिकार

चामल, मकै, चिउरा, गहुँ, मैदा, पिठो, दाल, नुन, चिनी, चिया, खाने तेल, घ्यू, दुध, तरकारी, मासु, फलफूल, मसला, औषधि, साबुन, मट्टितेल, डिजेल, पेट्रोल, हवाई इन्धन, मल र दाउरा उपभोक्ताहरुका अत्यावश्यक वस्तुहरु हुन् ।[26] उपभोक्तालाई सुरक्षित हुन पाउने, सुचित हुन पाउने, छनौट गर्न पाउने मात्र हैन सुनुवाई, क्षतिपूर्ति र उपभोक्ता शिक्षाको अधिकार समेत प्राप्त हुन्छ ।[27] सार्वजनिक सेवाका विषय पनि उपभोक्ताका अधिकार हुन् । यीनै विषयहरुलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ११ मा गरिएको सामान्य टिप्पणी नं १२, धारा १२, १३ संयुक्त राष्ट्रसंघीय उपभोक्ता संरक्षण सम्बन्धी दिग्दर्शन १९९९, समेतले सम्बोधन गरेका छन् ।

तर संविधानमा आफ्ना अधिकारहरु स्थापित गर्ने भनी गरिएका आन्दोलनहरुले उपभोक्ताहरुका यी अधिकारहरुलाई सम्मान गर्न सकेन । अनिश्चितकालीन र निरन्तर बन्द राख्नुपूर्व पर्याप्त सूचना दिएर आन्दोनकारीहरुबाट आन्दोलनको घोषणा गरिएको पाइएन । आन्दोलन र त्यसलाई समयमा नै सम्बोधन गर्न नसकेको कारण उपभोग्य सामग्रीहरु छनौट गरी खरिद गर्न वा प्राप्त गर्ने उपभोक्ताको अधिकार पनि सम्मानित हुन सकेन । क्षतिपूर्ति लगायतका विषयहरु कहिल्यै पनि छलफलको विषय बनेनन् । आन्दोलनकारीहरुको बन्दको घोषणासँगै आन्दोलित जिल्लाहरु मात्र नभई समग्र देशभरी कै उपभोक्ताहरुको मानव अधिकार जोखिममा पऱ्यो । नेपालीहरुका परम्परागत साँस्कृतिक चाडपर्वहरुमा समेत उपभोक्तहरुले आफ्नो अधिकार सहज रुपमा उपभोग गर्न सकेनन्

26 उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्बद्र्धनका लागि अनुगमन मार्ग निर्देशिका, २०६८, राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन, ललतपुर बुँदा नं. २(ठ) र अनुसूची २

27 ऐ.ऐ. अनुसूची १

। बन्द हड्ताल कै कारण उपभोक्ताहरु महङ्गि, कालाबजारी, कृत्रिम अभावबाट प्रत्यक्ष मारमा परे । इन्धन अभावमा आयोगको अनुगमन तथा अनुसन्धान कार्य समेत प्रभावित भयो । दैनिक मजदुरी गरी जीवनयापना गर्नुपर्ने समुदायको मानव अधिकार अकल्पनीय रुपमा प्रभावित भयो । यस्तो अवस्थामा पनि सरकारले अनुगमन कार्यलाई प्रभावकारी बनाउन सकेको पाइएन ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले असोज ८ गतेदेखि प्रमुख सडकहरु र नेपाल–भारत सीमा क्षेत्रमा आन्दोलन केन्द्रीत गरेपछि उपभोग्य वस्तुहरु भित्रिने प्रमुख नाकाहरु बन्द भए । आन्दोलनको कारण शान्ति सुरक्षाको विषय देखाएर नेपाल–भारत नाका हुँदै उपभोग्य सामग्रीहरुको आयात निर्यातमा देखिएको अवरोधलाई अघोषित नाकाबन्दी भएको भनि प्रचार गर्ने कार्यपनि भयो । आन्दोलनरत दलहरुको उपस्थिति र कार्यक्रम नभएका नाकाहरुबाट समेत उपभोग्य सामग्रीहरु आयात निर्यातमा समस्या भएपछि यसमा छिमेकी राष्ट्रको हात हुनसक्ने सर्वसाधारणहरुको प्रतिक्रिया रह्यो । सोही प्रतिक्रिया सञ्चार माध्यममहरुमा समेत प्रसस्त रुपमा सार्वजनिक भए । तेश्रो मुलुकबाट खरिद गरेका उपभोग्य सामग्रीहरुले समेत नेपाल–भारत नाकाबाट नेपालतर्फ सहज रुपमा प्रवेश पाउन सकेनन् ।

आन्दोलनबाट उत्पन्न परिस्थितिबाट विशेष गरि इन्धनको अभाव हुँदा देशभरी सन्चालन हुने सवारी साधनहरु र विदशी हवाई सेवाहरु प्रभावित भए । नेपाल–भारत नाका ठप्प पारिँदा आधारभूत औषधि, नुन, ग्याँस जस्ता वस्तुहरुको अभाव भइरहेको छ । उपभोक्ताहरु कालाबजारी र महङ्गिको मारमा परेका छन् । पछिल्लो समयमा नेपाल–भारत सीमाका वीरगञ्ज जमुनियाँ बाहेकका नाकाहरु खुकुलो भएपनि त्यसबाट पनि उपभोक्ताहरुको अधिकार प्रचलन सामान्य बन्ने संकेत देखिएको छैन । आन्दोलनकारीहरुले नेपाल–भारत सीमानाको निषेधित दशगजा क्षेत्रमा पाल हालेर बसि भारतीय भूमीमा खाना बनाएर खाई रहेको अवस्थाले सीमा नाकाहरुबाट नेपाल आयात हुने उपभोग्य सामग्री आयात हुन नसकेको देखिन्छ । आन्दोलनकारीहरुले आन्दोलनको क्रममा भारतीय भूमी समेत प्रयोग गरेको कारण आयात निर्यात प्रभावित भई भारतले पेट्रोलियम पदार्थमा अघोषित नाकाबन्दी लगाएको भनि प्रतिक्रिया सार्वजनिक भइरहेका छन् । तसर्थ दुइ देश बीचको सम्बधमा सौहार्द्रता कायम राखिरहन तथा उपभोक्ताहरुको मानव अधिकार संरक्षण गर्न आन्दोलनकारीहरु गम्भीर हुन आवश्यक छ । स्वयं आन्दोलनकारीहरु समेत उपभोक्ता भएका हुँदा उपभोक्ताको मानव अधिकारको सम्मान गर्न आन्दोलनकारी र नेपाल सरकार दुवै गम्भीर हुनु पर्दछ । लामो समयको बन्दको कारण न्याय प्रशासन तथा सार्वजनिक सेवाको उपभोगमा समेत रहेको अवरोध तुरुन्त हट्नु पर्दछ ।

### ठ) साँस्कृतिक अधिकार

नेपालको अन्तरिम संविधान २०६३ को धारा २३ ले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्व कालदेखि चलिआएको धर्मको अवलम्बन, अभ्यास गर्ने मौलिक हक प्रदान गरेको थियो । नेपालको संविधान २०७२ को धारा ३२(२) ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने मौलिक हक

प्रत्याभूत गरेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १५ प्रत्येक व्यक्तिका साँस्कृतिक जीवनमा सहभागि हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस परिप्रेक्ष्यमा आन्दोलनरत पक्षले आन्दोलन शुरु गरेको अवधि देखि नेपालमा बस्ने नेपाली नागरिकहरुले परम्परादेखि मान्दै आएका रक्षा बन्धन, गौरा पर्व, कुशे औंसी, तिज, विश्वकर्मा पूर्जा, जितिया पर्व, बकर इद (इदुल जोहा) तथा दशैं जस्ता प्रमुख पर्वहरु परेका छन् । यी पर्वहरुको सन्दर्भमा आन्दोलनरत पक्ष ती समुदायको साँस्कृतिक अधिकार प्रचलनको सन्दर्भमा गम्भीर हुन सकेको पाइएन । आन्दोलनरत पक्षहरु मध्ये विशेष गरि संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले यी चाडपर्वहरु स्वतन्त्र रुपमा मनाउनको लागि घोषित रुपमा आन्दोलन फिर्ता लिएको अवस्था भएन । जसबाट सर्वसाधारण नागरिकहरुको साँस्कृतिक अधिकार प्रचलनमा अवरोध भएको अवस्था रह्यो ।

### ३.२. मानव अधिकार प्रचलनमा प्रभाव

यस आयोगबाट नियमित रुपमा भएको अनुगमनबाट प्राप्त तथ्यहरुको आधारमा माथि उल्लिखित मानव अधिकारको प्रचलनमा निम्न बमोजिम प्रभाव पर्न गएको देखिन्छ :–

- आन्दोलनकारी मधेशी मोर्चाको नेपाल–भारत सीमा केन्द्रीत नाका अवरोध र त्यसपछि नेपाल भारत नाकामा देखिएको आयात निर्यात समस्याको कारणबाट उत्पन्न  इन्धन अभावले राष्ट्रिय मानव अधिकार आयोगको नियमिति अनुगमन गर्ने कार्य समेत प्रभावित भएको ।
- आन्दोलनकारीबाट नेपाल भित्रिने सीमा नाकाहरुमा आन्दोलन केन्द्रीत गर्दा शान्तिसुरक्षा चुनौती भएको भन्दै नेपाल–भारत नाकाबाट २०७२ असोज ८ गतेदेखि आयत–निर्यातमा अवरोध हुँदा औषधि, खाद्यान्न, इन्धन लगायतका आधारभूत उपभोग्य सामग्रीहरुको अभाव भई त्यसबाट नेपाली नागरिकहरु र नेपालभित्र बस्ने विदेशी नागरिकहरु समेत स्वतन्त्रपूर्वक दैनिक जीवन जीउनपाउने अधिकारबाट प्रत्यक्षरुपमा प्रभावित भएको पाईयो ।
- आन्दोलनकारीहरुले नाका बन्द गर्ने कार्यक्रम अन्तर्गत प्रदर्शन तथा जुलश गर्न नपाईने नेपाल भारत सीमानाको दशगजा क्षेत्रमा आन्दोलन केन्द्रीत हुँदा धर्नाकारीहरुले रक्सौल नाकामा भारतीय भूमीमा खाना पकाएर खाई नेपालमा धर्ना दिने गरेका र सो आन्दोलनमा भारतीय नागरिकहरुको समेत सहभाति रहेको पाइएको ।
- आन्दोलनकारीहरुको अनिश्चितकालीन बन्द र स्थानीय प्रशासनहरुले निरन्तर लामो समयसम्म लगाएको कर्फ्युको कारण सर्वसाधारण नागरिकहरुको दैनिकी अत्यन्त कष्टर र त्रासपूर्ण वातावरणमा बितेको पाइएको ।
- आन्दोलनको समयमा मानव अधिकार अवस्थाको अनुगमन गर्नुपर्ने मानव अधिकारकर्मी तथा पत्रकारहरुले आन्दोलनकारी र सुरक्षा निकाय दुवैतर्फको प्रत्यक्ष अप्रत्यक्ष धम्कीको सामना गर्नु परेको पाइएको अनुगमनकर्ताहरु माथि प्रहरी र प्रदर्शनकारी दुवैतर्फबाट अपमानजनक र दुर्व्यवहार भएको पाइएको ।

- अनिश्चितकालीन बन्द हड्तालको कारण व्यक्तिहरुको एक ठाउँबाट अर्को ठाउँसम्म स्वतन्त्र रुपमा आवतजात गर्न पाउने अधिकारको उल्लङ्घन भएको । जसबाट अस्पतालसम्म उपचारको लागि जानुपर्ने विरामीहरु समेत प्रभावित भएको पाइएको ।
- आन्दोलनको क्रममा आन्दोलनकारी तथा आन्दोलनको विपक्षमा रहेका समूह र ड्युटीमा खटिएका केही सुरक्षाकर्मीहरुबाट सामाजिक सद्भाव भड्काउने किसिमका अभिव्यक्ति र व्यवहारले सामाजिक सद्भाव कायम राख्न गम्भीर हुनु पर्ने देखिएको ।
- आन्दोलनको कारण सुरक्षा निकायहरुका कार्यालयहरु ग्रामीण क्षेत्रबाट सदरमुकाम तथा इलाका स्तरीय कार्यालयहरुमा केन्दित हुँदा ग्रामीण क्षेत्रमा सुरक्षाकर्मीहरुको न्युन उपस्थिति भएकोले सामाजिक अपराधका घटनाहरु बृद्धि भई सामाजिक सुरक्षा चुनौतीपूर्ण बन्दै गएको पाइएको ।
- कैलालीमा आन्दोलनकारीको आक्रमणबाट बरिष्ठ प्रहरी उपरिक्षक समेतको हत्या भएपछि सरकारले स्थानीय प्रशासनलाई सेना परिचालन गर्न दिएको अधिकारपछि सेना परिचालन भएका जिल्लाका नागरिकहरुमा मनोवैज्ञानिक त्रास रहेको पाइएको ।
- लामो समयदेखि भइरहेको आन्दोलनलाई निष्कर्षमा पुऱ्याउने सन्दर्भमा सरकार र आन्दोलनकारी दुवै पक्षबीच केन्द्रदेखि जिल्ला स्तरसम्म संवादहीनताको अवस्थामा रही वार्ता र संवादमा दुवैपक्ष जिम्मेवार बन्न नसक्दा सर्वसाधारणका अधिकार प्रचलनमा निरन्तर अवरोध भइरहने अवस्था रहेको पाइएको ।
- सुरक्षाकर्मीहरु तोकिएको समयभन्दा लामो समयसम्म ड्युटीमा खटिनु पर्ने, बेलामा खाना र पानीको व्यवस्था नहुने, शैचालय जान समेत नपाउने, थकाई लाग्दा आरामगर्न नपाउने, ढुंगा मुढा छेक्ने सुरक्षा कवचका सामग्रीहरुको अपर्याप्तता र उनीहरुको लागि गरिनु पर्ने कार्यहरु तथा तालिमको अभावमा सुरक्षाकर्मीको काममा प्रभावकारिता र मनोवैज्ञानिक असरको कारण चुस्तता आउन नसकेको पाइएको ।
- पूर्व पश्चिम राजमार्ग खण्डमा आन्दोलनकारीहरुले गरेको बन्दहडतालका कारण लामो दूरीका सार्वजनिक सवारीसाधनहरु दिउँसोको समयमा आवागमन गर्ने अवस्था नहुँदा रातको समयमा स्कर्टिङ्ग गरि सुरक्षाकर्मीहरुको सहयोगमा आवतजावत गर्ने गरेको पाइएको । रातको समयमा समेत आन्दोलनकारीहरुले रुख ढाली बाटो अवरोध गर्ने, गुलेली तथा ढुङ्गा प्रहार गर्ने कार्यले सवारी आवागमनमा अवरोध पुऱ्याउँदा कतिपय स्थानमा प्रदर्शनकारी र सुरक्षाकर्मीहरु बीच दोहोरो झडप भई यात्रु तथा सवारी चाललकहरु समेत घाइते भएको पाइएको ।
- अनिश्चितकालीन बन्द हड्तालको कारण तराई मधेश क्षेत्रमा बसोबास गर्ने नागरिकहरुले आफ्नो परम्परा अनुसार मान्दै आएका रक्षा बन्धन, श्रीकृष्ण जन्माष्टमी, गौरा पर्व, बाबुको मुख हेर्ने कुशे औंसी, तिज, विश्वकर्मा पूजा, जितीया पर्व, बकर इद (इदुल जोहा), दशैं जस्ता पर्वहरु मनाउने कार्य समेत प्रत्यक्ष रुपमा प्रभावित भएको पाइएको थियो ।

## परिच्छेद- ४

## राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

### ४. राष्ट्रिय मानव अधिकार आयोगको भूमिका

राष्ट्रिय मानव अधिकार आयोगले मुलुकका तराई मधेश लगायतका केही पहाडी तथा हिमाली जिल्लाहरूमा संविधान निर्माणको सन्दर्भमा भएको आान्दोलनको क्रममा आफ्नो संवैधानिक एवम् कानुनी दायित्व अनुरूप नागरिकहरूको मानव अधिकार संकटमा परेको महशुस गरी तत्कालै मानव अधिकार अनुगमन तथा सरोकारवालाहरुसँगको छलफल कार्यलाई तीव्रता दिएको थियो । यस स्थितिमा मानव अधिकार प्रचलनको अवस्थाको बारेमा तथ्यहरू संकलन गरी सम्बन्धित पक्षहरूलाई आवश्यकता अनुसार ध्यानाकर्षण गराउने कार्य समेत गरीएको थियो । आयोगले मानव अधिकारको रक्षाको निमित सम्बन्धित पक्षलाई सचेत गराउन विभिन्न समयमा प्रेस विज्ञप्तिहरु जारी गरेको थियो । आयोगले जारी गरेका प्रेस विज्ञप्ति अनुसूची ३ मा समावेश गरीएको छ । यस परिच्छेदमा यस अवधिमा आयोगले गरेका प्रमुख कार्यहरूलाई संक्षिप्त रूपमा उल्लेख गरिएको छ ।

### ४.१ स्थलगत अनुगमन तथा अनुसन्धान

मुलकका विभिन्न भागहरूमा भएका आन्दोलनहरूको शुरूवातसँगै आयोगले आफ्नो अनुगमनलाई तिव्रताकासाथ अगाडी बढाएको थियो । सामान्यत: आन्दोलित प्राय सबैजसो जिल्लाहरूमा समयमा नै आयोगको टोली अनुगमनको लागि उपस्थित भएको थियो । आयोगले आन्दोलनको क्रममा भएका र हुनसक्ने घटनाहरूलाई ध्यानमा राखी कम्तिमा १४ जिल्लाहरूमा आयोगका सदस्यहरूको नेतृत्वमा उच्चस्तरीय अनुगमन टोली खटाई अनुगमन गरेको थियो भने अन्य जिल्लाहरूमा अधिकृतस्तरीय टोलीबाट अनुगमन भएको थियो । अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा आयोगले नेपाल सरकार र आन्दोलनरत पक्षहरूलाई मानव अधिकारको सम्मान र संरक्षण गर्दै सामाजिक सद्भाव विथोलिन नदिन पटक–पटक सचेत गराएको छ । यस अवधिमा आयोगले आफ्नो सीमित श्रोत र साधनका बाबजुद आन्दोलित काठमाडौं उपत्यका लगायत सबै २८ जिल्लाहरूमा कम्तिमा एक पटक पुगी अनुगमन गर्ने कार्य सम्पन्न गरेको छ । अनुगमनको क्रममा सरोकारवालाहरुसँग आवश्यक छलफल तथा समञ्वय गरेको छ ।

अुगमनको क्रममा पाइएको प्रारम्भिकतथ्यको आधारमा सुरक्षा निकायबाट कतिपय घटनाहरुमा अत्यधिक बल प्रयोग भएको रप्रदर्शनकारीहरुको तर्फबाट अमानवीय रुपमा ज्यादति समेत हुनगई दुवै पक्षबाट हत्या सम्म गरिएका भएका घटनाहरूको सम्बन्धमा आयोगले अनुसन्धान कार्य शुरू गरिसकेको छ ।

### ४.२ ध्यानाकर्षण/निर्देशन

आयोगले आन्दोलनको क्रममा कुनैपनि पक्षबाट मानव अधिकारको उल्लंघन नहोस भनीआन्दोलनको शुरूको दिन देखि नै नेपाल सरकार र आन्दोलनकारीहरूलाई विभिन्न माध्यमबाट ध्यानाकर्षण गराउँदै आएको छ । यस क्रममा आन्दोलनरत दलहरू मध्ये संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, थारूवान नेताहरूसँग प्रत्येक व्यक्तिको मानव अधिकार प्रति संवेनशील बन्न ध्यानाकर्षण गराइएको छ । गृह प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरुलाई पनि त्यसप्रति जिम्मेवार बन्न निर्देशन दिइएको छ । अनुगमनको प्रारम्भिकतथ्यको आधारमा आयोगका अध्यक्ष तथा सदस्यहरुले तत्कालीन प्रधानमन्त्री शुशील कोइरालालाई भेटी आन्दोलनको क्रममा नागरिकहरूको मानव अधिकार अवस्था जोखिममा पर्दै गएकोले त्यसो हुन नदिन तथा आन्दोलनरत पक्षका उचित मागहरुलाई सार्थक संवाद र वार्ताको माध्ययमबाट निष्कर्षमा पुऱ्याउन आवश्यक रहेको सन्दर्भमा ध्यानाकर्षण गराइएको थियो ।

## ४.३ बैठक तथा छलफल

आन्दोलनको शुरूवात सँगै आयोगले मानव अधिकार अवस्था बिग्रन नदिन आन्दोलनरत पक्षहरू, नेपाल सरकारका उच्चदस्थ अधिकारीहरु, सुरक्षा निकायका उच्च पदस्थअधिकारीहरु, नागरिक समाजका प्रतिनिधीहरू तथा मानव अधिकारकर्मीहरूसँग समेत आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूमा पटक–पटक छलफल तथा बैठक गर्दै आएको छ । त्यस्ता छलफल तथा बैठकबाट नागरिकहरूको मानव अधिकार संरक्षण गर्ने कार्यमा थोरै मात्र भएपनि सहयोग भएको अनुभूति आयोगलाई भएको छ । आन्दोलनरत दलहरुले नेपाल भारत सीमा क्षेत्रमा केन्द्रीत गरेको आन्दोलन पछि भारतले इन्धन लगायतका तेश्रो मुलुकबाट भारतीय भूमी हुँदै नेपाल भित्रिने सामानहरु नेपाल तर्फ नपठाएपछि आयोगबाट परराष्ट्र, वाणिज्य, गृह लगायतका मन्त्रालयका सचिवहरुसँग छलफल गरिएको थियो । यसबाहेक आयोगका स्थलगत रूपमा खटिएका टोलीहरूले समेत आन्दोलनकारी, अन्य राजनीतिक दलहरू, स्थानीय प्रशासन सँग पनि छलफल गरी स्थानीय रूपमा समाधान गर्न सकिने समस्याहरूलाई स्थानीय रूपमा नै हल गर्ने प्रयास गरीएको थियो ।

## ४.४ प्रेस विज्ञप्ति

यस आन्दोलन सँग केन्द्रित रहेर आयोगले पटक–पटक विज्ञप्तिहरू जारी गरेको छ । विज्ञप्तिबाट नागरिकहरूको मानव अधिकार संरक्षणको लागि ध्यानाकर्षण गराउने कार्य पनि भएको छ । आयोगबाट जारी विज्ञप्तिबाट आन्दोलनको क्रममा भएका र हुनसक्ने मानव अधिकार हनन तथा ज्यादतिका घटनाहरूलाइ न्युनिकरण गर्न, सामाजिक सद्भाव कायम राख्न सहयोग पुगेको पाइएको छ । विज्ञप्तिहरुमा सार्थक सम्वाद र वार्ता नै कुनैपनि समस्याको अन्तिम समाधान हुने भएकोले त्यसमा जोडदिन नेपाल सरकार र आन्दोललनरत दलहरुलाई आग्रह गरिएको छ । आयोगबाट जारी केही प्रेस विज्ञप्तिहरु अनुसूची ३ मा समावेश गरिएको छ ।

## ४.५ स्थानीयस्तरमा निर्देशन, समन्वय र सुझाव

अनुगमनमा रहेको अवधिमा आयोगका सदस्यहरूबाटस्थानीय स्तरमा नै कार्यादेश बमोजिम क्षेत्रीय प्रशासक तथा स्थानिय प्रहरी, प्रशासनलाई निर्देशन दिने र आन्दोलनकारीहरूलाई आन्दोलन शान्तिपूर्ण बनाउन अनुरोध र आग्रह गरीएको छ। यस्तै अधिकृत स्तरीय टोलीहरूबाट दुवै पक्ष सँग समन्वय गरी स्थानीय स्तरमा सुझाव प्रदान गर्दै आएको अवस्था छ । सुरक्षाकर्मी राखी खडा गरीएका कतिपय सुरक्षापोष्टहरूमा कार्यरत सुरक्षाकर्मीको संख्या कम हुँदा उनीहरू समेत जोखिममा पर्ने सम्भावनालाई मध्यनजर राखी आयोगका सदस्यबाट त्यसको सुरक्षाको लागि तत्काल व्यवस्था मिलाउन निर्देशन दिने कार्य भएको छ ।यस्तै लामो र अनिश्चितकालिन बन्द तथा कर्फयुको कारणले नागरिकको दैनिक जीवनमा परेको असरलाई मध्यनजर गर्दै अनावश्यक बन्द र कर्फ्युको समय घटाउन दुवै पक्षलाई अनुरोध भएको छ। दुवै पक्षलाई सामाजिक सद्भाव भड्कने कुनैपनि कार्य नगर्न र आन्दोलनकारीहरूबाट सुरक्षाकर्मीहरूलाई अति आवश्यक उपभोग्यवस्तुहरूमा र वासस्थानमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन भनिएको छ। यस क्रममा जिल्ला स्थित मानव अधिकारकर्मी, पत्रकार, नागरिक समाज तथा अनुगमनकर्ताहरुको सुरक्षा र स्वतन्त्र अनुगमनको वातावरणको श्रृजना गर्न आन्दोलनकारी र सरकार दुवै पक्षलाई आग्रह गरिएको थियो ।

आयोगले अनुगमन गरेका अअधिकांश जिल्लाहरुमा आयोगको टोलीलाई आन्दोलनकारी र स्थानीय प्रहरी प्रशासनका तर्फबाट स्थानीइ तहमा उत्पन्न असहज परिस्थिति एवम समस्याको समाधानका लागि सहजिकरण तथा मेलमिलापकर्ताको भूमिका निर्वाह गरिदिन अनुरोध भएको थियो । साथै आन्दोलनकारी तथा स्थानीय एवम् क्षेत्रीय प्रशासन समेतको अनुरोधमा आयोगले केही जिल्लाहरुमा लामो समय सम्म आफ्नो अनुगमन टोलीलाई सक्रियतापूर्वक अनुगमन गरिरहन निर्देशन दिएको थियो । धनुषा, महोत्तरी, बारा, पर्सा, रुपन्देही, नवलपरासी, मोरङ्ग लगायतका जिल्लाहरुमा आयोगको टोलीले मान अधिकार अवस्थालाई थप विग्रन नदिन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । कर्फ्युको समयमा भईरहेका आगजनी, तोडफोडका घटनाहरु तत्काल रोक्न केन्द्रीय कार्यालयबाट प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा प्रमुखहरुलाई निर्देशन दिइएको थियो ।

## ४.६ पीडितहरुको उद्धार

आयागबाट आन्दोलनको क्रममा त्रास र पीडामा रहेका सर्वसाधारणहरुलाई उद्धारको व्यवस्था मिलाई उनीहरुले सुरक्षित महशुस गरेको स्थानसम्म पुऱ्याएको थियो । यस क्रममा भदौ ७ गते टिकापुरमा भएको घटनाबाट उत्पन्न परिस्थिति पछि टिकापुर क्षेत्रमा असुरक्षित र त्रसित रुपमा बसिरहेका तिन जना विद्यार्थीहरुको उद्धार गरीउनीहरुलाई लम्की पुऱ्याई आफन्तको जिम्मा लगाइएको थियो ।

## परिच्छेद ५

## विश्लेषण, निष्कर्ष, सुझाव तथा सिफारिसहरु

### ५.१ विश्लेषण तथा निष्कर्ष

आयोगको अध्ययनबाट सरकारले पर्याप्त गृहकार्य बिना तत्कालीन समस्यालाई सम्बोधन गर्ने उद्देश्यले आन्दोलनरत पक्ष तथा समूहहरुसँग गरेका सम्झौताहरुको उचित सम्बोधन हुन नसक्दा समान विषयलाई लिएर पुनः आन्दोलन भइरहँदा सर्वसाधारणहरुको जनजीवन कष्टकर भइ मानव अधिकारको प्रचलनमा पटक–पटक अवरोध आएको देखिन्छ । तसर्थ दुवैपक्षको इमान्दारिताबाट त्यस्ता सम्झौताहरुको कार्यान्वयन सुनिश्चित गरिनु पर्ने देखिन्छ ।

मानव अधिकारको आधारभूत मूल्य, मान्यता र सिद्धान्त बमोजिम आफ्नो अधिकार प्राप्तिको लागि नागरिकहरुले शान्तिपूर्णरुपमा आन्दोलन गर्न पाउनु उनीहरुको अधिकार हो । यस विषयमा आयोग सधैं सकारात्मक छ । तर आन्दोलनको सन्दर्भमा व्यक्त भएका विभिन्न पक्षहरुको चिन्ता, चासो र सरोकार एवम् आयोगको अनुगमनबाट शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारको व्यापक रुपमा दुरुपयोग भएको देखिन्छ । आन्दोलन शान्तिपूर्ण हुन नसक्दा बहुआयामिक मानव अधिकारको प्रचलनमा अवरोध मात्र हैन मानवीय संकट समेत उत्पन्न भएको छ । आफ्नो अधिकार प्राप्तिको लागि गरिएको आन्दोलनबाट अरुको अधिकार प्रचलनमा अवरोध भएको देखिन्छ । लामो समय देखि भइरहेको बन्द हड्ताल र त्यसको सम्बोधनमा भइरहेको ढिलाइको कारण बहुआयामिक मानव अधिकार प्रचलनका विषयहरु प्रभावित भएका छन् । प्राप्त तथ्यहरुले आन्दोलनको क्रममा सुरक्षाकर्मीहरुको अत्यधिक बल प्रयोग तथा आन्दोलनकारीहरुको ज्यादतिबाट अठार महिने बालक सहित ४९ जना व्यक्तिहरुको जीवनको अधिकार समाप्त भएको देखिन्छ । सुरक्षाकर्मीबाट आवश्यकता भन्दा बढी भएको बल प्रयोग र आन्दोलनकारीबाट भएका घरेलु हतियारहरुको प्रयोगबाट उनीहरुको जीवन समाप्त भएको देखिन्छ भने कम्तिमा ७२९ जना घाइते भएका देखिन्छन् । आयोगबाट माग गरिएको बमोजिम आन्दोलनरत पक्षबाट घातेहरुको नामावली प्राप्त नहुँदा सो संख्या उल्लेख गर्न सकिएको छैन । तरपनि सयौंको संख्यामा आन्दोलनकारीहरु पनि घाइते भएको पाईको छ । आन्दोलनको सन्दर्भमा हतियारमा बारुद भर्ने क्रममा नवलपरासीमा एक जना प्रहरी र आन्दोलनमा भाग लिएर फर्कदैं गर्दा तथा अन्य कार्यक्रमहरुमा सहभागि भईरहेका व्यक्तिहरुको पनि मृत्यु भएको छ ।

सुरक्षाकर्मीबाट प्रहार गरिएको गोलीबाट जीवन समाप्त भएका तथा घाइते भएका व्यक्तिहरुलाइ घुँडाभन्दा माथि टाउको, छातिलगायतका क्षेत्रमा देखिएका चोटहरु, गोली प्रहार भएका क्षेत्रहरुको आसपास रहेका घर तथा सटरहरु र नजिक रहेका बिजुलीका खम्बाहरुमा देखिएका गोलीका डोबहरुरुले आन्दोलनमा बलको आवश्यकताभन्दा बढि प्रयोग भएको देखिन्छ । यसबाट "आत्मसुरक्षा वा मृत्यु वा गम्भीर चोटपटकको अति खतरा भएमा त्यसको विरुद्ध अन्यको बचाउ, जीवनको सङ्गीन खतरा भएको विशेषतः गम्भीर अपराधको रोकथाम, यस्तो खतरा प्रदर्शन गर्ने र तिनको अधिकारको प्रतिकार गर्ने व्यक्तिलाई पक्राउ गर्न, वा निजलाई भाग्नबाट रोक्ने लगायतका

अन्य उपायहरु अपर्याप्त भएमा मात्र कानुन कार्यान्वयन गर्ने अधिकारीले गोली गट्ठाको प्रयोग गर्नसक्ने''[28] संयुक्त राष्ट्रसंघीय व्यवस्था र स्थानीय प्रशासन ऐन २०२८ को पनि अक्षरश: पालना हुन नसकेको आयोगको निष्कर्ष छ । स्थानीय प्रशासन ऐनमा उल्लेख भए बमोजिमका भीड नियन्त्रण र सुरक्षा सामग्रीहरु प्रहरीलाई न्यूनतम रुपमा उपलब्ध हुन नसक्दा पनि बलको अधिक प्रयोग भएको देखिन्छ । सुरक्षाकर्मीहरुले लामो समयसम्म ड्युटीमा खटिनु पर्ने, उनीहरु आफैंले सुरक्षाको अनुभूति नगर्ने, समयमा नै खाना र पानीको व्यवस्था नहुने, शौचालय समेत जान नपाउने, सुरक्षा कवचका सामग्रीहरु पर्याप्त मात्रामा नहुने र कतिपय स्थानहरुमा सुरक्षाकर्मीहरुको अनुपातमा प्रदर्शनकारीहरुको उपस्थिति अत्यधिक मात्रामा हुँदा पनि अत्यधिक बलको प्रयोग भएको देखिन्छ । जसको बारेमा सम्बन्धित पक्षबाट गम्भीर रुपमा ध्यान दिनु आवश्यक छ ।

उल्लिखित अवस्थामा पनि अत्यधिक बलको प्रयोग नगर्ने सन्दर्भमा यस आयोगबाट पटक–पटक गराइएको ध्यानाकर्षण तथा निर्देशन, सर्वोच्च अदालतको आदेश[29], संयुक्त राष्ट्रसघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझावको अझैपनि कार्यान्वयनको पक्षमा सुरक्षाकर्मी तथा सरकार गम्भीर नहुनु चिन्ताको विषय भएको छ । यस सन्दर्भमा बल प्रयोग सम्बन्धी अनुपातिक, कानुनी वैधता, जवाफदेहिता र आवश्यकता सम्बन्धी मान्यतालाई समेत साथै राखी गम्भीर अध्ययन गरिनु आवश्यक देखिन्छ ।

विभिन्न जिल्लाहरूमा लामो समयसम्म कर्फ्यु लगाउने, निषेधित क्षेत्र तोक्ने, दङ्गा क्षेत्र घोषणा गर्ने लगायका कार्यहरूले शान्तिपूर्वक भेला हुने समेतका स्वतन्त्रताहरुको प्रचलनमा कठिनाइ उत्पन्न भएको छ । आन्दोलनकारीहरु एकअर्काले आफ्ना क्षेत्र भनिएको स्थानमा आवतजावतमा समेत रोक लगाउँदा स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रभावित भएको छ । अनिश्चितकालीन र निरन्तर बन्दको कारण घुमफिर, आवजातवत, पेशा, रोजगार, उद्योग र व्यापार व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रताहरु कुण्ठित भएको आयोगको निष्कर्ष छ । आन्दोलनकारी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको नेपाल–भारत सीमा नाका बन्द गर्ने कार्यले अत्यावश्यक उपभोग्य वस्तुहरुको पाउने स्वतन्त्रताहरु पनि कुण्ठित भएका छन् । गम्भीर मानवीय संकट उत्पन्न हुँदापनि आन्दोलनकारीबाट सामान्य मानवीय संवेदनशीलता देखाउने कार्य हुन सकेन । केही जिल्लाहरुमा सुरक्षाकर्मीका परिवारलाई घरमा डेरा नदिन तथा डेराबाट हट्न तथा समुदाय विशेषलाई जिल्ला छोड्न भनी जारि भएको मोर्चाको विज्ञप्तिबाट बसोबासको स्वतन्त्रता समेत प्रभावित हुनसक्ने देखियो । आन्दोलनकारीहरुको नेपाल–भारत सीमाको निषेधित दशगजा क्षेत्रमा केन्द्रीत गरेको धर्ना, प्रदर्शनी र त्यस सन्दर्भमा देखिएका प्रतिक्रियाले नेपाल–भारत कुटनीतिक सम्बन्धमा समेत चिसो उत्पन्न हुने अवस्थाको सिर्जना हुनु दु:खद पक्ष हो ।

---

[28] Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials, adopted by the Eighth United Nations Congress on the Preventation of crime and the Treatment of Offenders, September 1990, Article 9

[29] बिस्मिल्लाह खातुन वि. नेपाल सरकार समेत भएको रिट निवेदनमा २०७२ भदौ २९ गते अन्तरिम आदेश जारी भएको थियो ।

आन्दोलनकारीहरुबाट केही टेलिभिजनहरूको प्रसारण र पत्रिकाहरु निषेध गर्ने, सञ्चार माध्यय तोडफोड गर्ने, सञ्चारकर्मीहरुमाथि कुटपीट र दुर्व्यवहार गर्ने, सञ्चार क्षेत्रका सवारी साधनहरुको तोडफोड तथा सुरक्षाकर्मीहरुबाट पत्रकारहरुमाथि कुटपीट गर्ने जस्ता कार्यहरुले सूचना, सञ्चार, प्रेस तथा छापाखाना सम्बन्धी अधिकारको प्रचलन कुण्ठित भएको देखिन्छ । राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरु सहितका मानव अधिकार रक्षकहरु तथा पत्रकारहरुमाथि भएका दुर्व्यवहार, कुटपीट र सवारी साधनको तोडफोडले मानव अधिकार रक्षकहरु समेत जोखिममा परेको देखिन्छ ।

आन्दोलनको क्रममा पक्राउ गरिएका व्यक्तिहरुलाई नियन्त्रणमा लिएपछि पनि दुर्व्यवहार गर्ने, पक्राउ परेका बालबालिकाहरुलाई समेत अन्य व्यक्तिको सरह व्यवहार गर्ने जस्ता कार्यहरुबाट थुनुवाहरु प्रति गरिने व्यवहार समेत कानुनतः हुन नसकेको देखिन्छ । आन्दोलनको कारण लाखौं बालबालिकाहरु शिक्षाको अधिकार कुण्ठित भएको छ । एकातर्फ आन्दोलनले विद्यालय शान्ति क्षेत्र अभियान सम्बन्धी कार्यलाई सम्मान गर्न नसकेको देखिन्छ भने अर्कोतर्फ कतिपय शिक्षकहरु आन्दोलनमा सक्रिय हुँदा शिक्षकहरुबाट समेत सोही कार्य भएको देखिन्छ । यसबाट मुलुकका अन्य जिल्लाहरुमा नियमित विद्यालय सन्चालनमा रहेका विद्यार्थीहरु सँग आन्दोलनरत क्षेत्रका विद्यार्थीहरुले भविष्यमा हुने हरेक किसिमका शैक्षिक प्रतिष्पर्धामा पछि पर्ने अवस्था उत्पन्न हुन सक्ने देखिन्छ । आन्दोलनको क्रममा गर्भवती महिलाहरु, अपाङ्ता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायतका बिरामीहरु अस्पतालसम्म पुग्न नसक्ने अवस्था, औषधिको अभाव, अक्सिजनको अभाव, चिकित्सकमाथि भएका दुर्व्यवहार जस्ता तथ्यहरुले स्वास्थ्य उपचारको अधिकार पनि प्रत्यक्ष प्रभावित भएको देखिन्छ । विशेषगरी संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले नेपाल–भारत सीमाबाट अत्यावश्क सामग्रीहरुको आयातमा पुऱ्याएको अवरोधले ग्याँस, मट्टितेल, औषधि जस्तो आधारभूत वस्तुको आयात समेत ठप्प मात्र भएन गम्भीर मानवीय संकट समेत उत्पन्न भयो । यस्तो कार्यबाट मानवीय संवेदनहीनता समेत उत्पन्न गरायो ।

आन्दोलनको कारण नेपालीहरुका परम्परागत साँस्कृतिक चाडपर्वहरु प्रभावित मात्र बनेनन् त्यसबाट नागरिकहरु महङ्गी, कालाबजारी, कृत्रिम अभावको प्रत्यक्ष मारमा परेको देखिन्छ । यसबाट उपभोक्ताहरुको मानव अधिकार गम्भीर रुपमा प्रभावित भयो । दैनिक मजदुरी गरी जीवन निर्वाह गर्नुपर्ने समुदायको मानव अधिकार अकल्पनीय रुपमा प्रभावित र कुण्ठित बनाईयो ।

मोर्चाको अवरोधका कारण नेपालमा शान्ति सुरक्षा नभएको भन्दै नेपालले तेश्रो मुलुकबाट आयात गरेका सामग्रीहरु भारतबाट नेपालमा भित्रिन अवरोध हुँदा नेपाली र नेपालभित्र बस्ने विदेशी उपभोक्ताहरुको मानव अधिकार समेत गम्भीर रुपमा प्रभावित भयो । विशेष गरी इन्धन अभावको कारण उद्योग, कलकारखाना ठप्प भई पर्यटन क्षेत्र समेत अस्तव्यस्त भयो । सामान आयात निर्यात हुन नसक्दा ठुलो रकमको राजश्व उठ्न नसक्दा देशको अर्थतन्त्र समेत गम्भीर अस्थामा पुगी नेपालीहरुको आर्थिक तथा सामाजिक अधिकार समेत प्रत्यक्ष प्रभावित भएको देखिन्छ । आन्दोलनकारीहरुले अन्तर्राष्ट्रिय मुल्य र मान्यता विपरीत नेपाल भारत सीमाको दशगजा क्षेत्रमा

समेत गरेको प्रदर्शन र उनीहरुले भारतीय भूमी समेतमा गरेको प्रयोगबाट सीमा क्षेत्रमा  जाखिम बढ्ने र त्यसबाट दुइ देश बीचको सम्बन्धमा पर्नसक्ने प्रभावको बारेमा संवेदनशीलता प्रकट गर्न नसकेको आयोगको निष्कर्ष छ ।

## कानूनी विश्लेषण

माथि उल्लिखित तथ्यहरुको आधारमा हेर्दा आन्दोलनको क्रममा नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(३) को उपखण्ड (ख) तथा नेपालको संविधान  २०७२ को धारा १७ को उपधारा २ को खण्ड (क) र (ख) तथा नागरिक अधिकार ऐन २०१२ को दफा ६(२) ले प्रदान गरेको बिना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सम्मान हुन सकेको देखिएन । यस्तै अन्तरिम संविधान २०६३ को धारा १२ र वर्तमान संविधानले प्रदान गरेका स्वतन्त्रतासम्बन्धी हक प्रचलन पनि सहजरुपमा प्रचलन हुन नसकेको देखिन्छ । अन्तरिम संविधान २०६३ को धारा २६ र प्रचलित नेपालको संविधानको धारा २२ ले प्रदान गरेको अधिकार विरुद्ध प्रहरीबाट आन्दोलनकारीमा माथि केही स्थानमा अपमानजनक व्यवहार भएको छ । तत्कालीन संविधानको धारा १७ र वर्तमान संविधानको धारा ३१ बमोजिम शिक्षाको अधिकार प्रचलन हुन नसकि जोखिममा परेको देखिन्छ । भने प्रचलित संविधानको धारा ३५ ले प्रदान गरेको आधारभूत स्वास्थ्यको अधिकार पनि प्रत्यक्ष प्रभावित भएको छ ।

अन्तर्राष्ट्रिय रुपमा नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा २१ ले प्रदान गरेको शान्तिपूर्वक भेला हुने अधिकार,  १९(१) ले प्रदान गरेको बिना हस्तक्षेप आफ्ना मत वा विचार राख्ने स्वतन्त्रताहरू र धारा ९ ले प्रदान गरेको वैयक्तिक स्वतन्त्रताको समेत सम्मान हुन सकेनन् । धारा १९(२) बाट प्रत्याभूत सूचना, सञ्चार, प्रेस तथा छापाखाना सम्बन्धी अधिकारको प्रचलन समेत अवरुद्ध भयो । नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ७ र यातना विरुद्धको महासन्धि, १९८४ का विभिन्न धाराहरुमा गरिएका प्रतिबद्ताको समेत पूर्ण पालना हुन सकेन ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा १२ र १३ स्वास्थ्य र शिक्षाको अधिकार प्रचलनमा पनि अवरोध भयो । यस सन्दर्भमा बाल अधिकार सम्बन्धि महासन्धि १९८९ का शिक्षा र स्वास्थ्य सम्बन्धी अधिकार समेत प्रभावित भए । प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने सम्बन्धी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा १५ को व्यवस्था प्रभावित भयो । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ११ मा गरीएको सामान्य टिप्पणी नं १२, धारा १२, १३ र संयुक्त राष्ट्रसंघीय  उपभोक्ता संरक्षण सम्बन्धी दिग्दर्शन, १९९९ को कार्यान्वयन अझै चुनौतीपूर्ण देखियो ।

यसप्रकार माथि उल्लिखित तथ्यगत तथा कानुनी विश्लेषण तथा निष्कर्षबाट नेपाली नागरिकहरु र नेपालमा बसोबास गर्ने अन्य व्यक्तिहरुको समेत बहुआयामिक अधिकारको प्रचलनमा व्यवधान सिर्जना भएको देखिन्छ । यस सन्दर्भमा आयोग मानव अधिकार संरक्षण प्रति सरकार र आन्दोलनरत दलहरु अत्यन्त संवेदनशील भई अगाडी बढ्न गम्भीर रुपमा अनुरोध गर्दछ ।

## ५.२ सुझाव तथा सिफारिशहरु

माथि उल्लिखित तथ्यहरुको आधारमा आयोग सम्बन्धित पक्षहरुलाई देहायमा उल्लेख गरिएका कार्यहरु तत्काल अगाडी बढाउन निम्न सुझाव तथा सिफारिसहरु गर्दछः–

### क) नेपाल सरकार र आन्दोलनरत पक्षहरुलाई

१. मानव अधिकारको सम्मान तथा संरक्षणको लागि नागरिकहरुले अनुभूति गर्नेगरि जिम्मेवारीपूर्वक वार्तामा बसी तत्काल समाधान सहितको निष्कर्षमा पुग्न ।

२. शान्ति सुरक्षा वा आन्दोलनका नाउँमा नागरिक अधिकारहरुको हनन् एवम् गम्भीर मानवीय संकट उत्पन्न हुने कुनै पनि कार्यहरु नगर्न, नगराउन ।

३. आन्दोलनरत जिल्लाका विद्यालयहरु तत्काल सञ्चालन गर्न तथा गर्ने, गराउन र आन्दोलनमा सक्रिय शिक्षकहरुलाई विभागीय कारवाही अगाडी बढाई सो को जानकारी आयोगलाई दिन ।

४. मानव अधिकारकर्मी तथा पत्रकारहरु आन्दोलनकारी र सुरक्षा निकाय दुवैतर्फबाट असुरक्षित भएको पाईंदा त्यस्तो कार्य तत्काल बन्द गरी दोषी माथि कानुनी कारवाही र उनीहरुले काम गर्न पाउने वातावरणको सुनिश्चितता गर्न ।

५. अनिश्चितकालीन बन्द र नेपाल भारत सीमानामा आयत निर्यातमा भएको अवरोधका कारण महङ्गि, कालाबजारी, कृत्रिम अभावबाट उपभोक्ताहरुको मानव अधिकार प्रचलनमा प्रत्यक्ष असर परी त्यसबाट विशेषगरी दैनिक मजदुरी गरी जीवन गुजारा गर्नुपर्ने समुदाय सबैभन्दा बढी प्रभावित भएको पाइएकोले तत्काल उद्योग, कलकारखाना, पेशा, व्यवसाय, रोजगारी गर्न पाउने अधिकारको सुनिश्चितता गर्न, गराउन ।

६. आन्दोलनको क्रममा आन्दोलनकारी तथा त्यसको विपक्षमा रहेका समूह र ड्युटीमा खटिएका केही सुरक्षाकर्मीहरुबाट सामाजिक सद्भाव भड्काउने किसिमका व्यवहार र अभिव्यक्ति दिएको पाइएकोले त्यस्तो अभिव्यक्ति दिने तथा व्यवहार प्रदर्शन गर्नेहरुको पहिचान गरि तत्काल कानुन बमोजिम कारवाही गर्न ।

### ख) नेपाल सरकारलाई

७. सुरक्षा निकाय (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) बाट अत्यधिक बलको प्रयोग र आन्दोलनकारीबाट घरेलु हतियार प्रयोग गरि आन्दोलनको क्रममा नागरिकहरु मारिएका घटनाहरुमा तत्काल फौज्दारी कानुन बमोजिम अनुसन्धान गरि घटनाहरुमा संलग्न व्यक्ति तथा पदाधिकारीहरुलाई कानुनी कारवाही अगाडी बढाई मृतकहरुका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन ।

८. नेपाल सरकारले मानव अधिकारका विषयमा विभिन्न पक्षसँग गरेका सम्झौताहरुको कार्यान्वयन समयमा नै गरि एउटै कारणबाट पटक–पटक मानव अधिकारको सम्मान र संरक्षणमा अवरोध आउने अवस्था नगर्न ।

९. आन्दोलनको क्रममा कतिपय स्थानहरुमा सुरक्षाको लागि खटिएका प्रहरीबाट अत्यधिक बलको प्रयोग भएको पाइएको । तर यस सम्बन्धमा आयोग, सर्वोच्च अदालत र संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले दिएका सुझाव तथा निर्देशन कार्यान्वयन नहुँदा यस्तो घटनाहरु पटक पटक दोहोरिने कार्यहरुको अन्त्य गर्न ।

१०. अनिश्चितकालीन बन्द हड्तालको कारण व्यक्तिहरुको आवतजात गर्न पाउने अधिकारको उल्लङ्घन भई न्यायप्रशासन, शिक्षा, स्वास्थ्य उपचारको गन्तव्य स्थलसम्म पुग्न कठिनाई उत्पन्न भएकोहुँदा तत्काल स्वतन्त्र आवतजावतको व्यवस्था मिलाउन, घाइते तथा बिरामीहरुको शीघ्र र प्रभावकारी उपचारको व्यवस्था मिलाउन

११. आन्दोलनको कारण सुरक्षा निकायहरुका कार्यालयहरु ग्रामीण क्षेत्रबाट सदरमुकाम तथा इलाका स्तरीय कार्यालयहरुमा केन्द्रीत हुँदा ग्रामीण क्षेत्रमा सुरक्षाकर्मीहरुको उपस्थिति कमी भएकोले सामाजिक अपराधका घटनाहरु बृद्धि भई सामाजिक सुरक्षा चुनौतीपूर्ण बन्दै गएकोहुँदा ती क्षेत्रमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन र सो कार्यमा सम्बन्धित सबैले नेपाल प्रहरीलाई सहयोग गर्न ।

१२. सुरक्षाकर्मीहरु लामो समयसम्म ड्युटीमा खटिनु पर्ने, बेलामा खाना र पानीको व्यवस्था नहुने, थकाई लाग्दा आरामगर्न नपाउने, ढुंगा मुढा छेक्ने सुरक्षा कवचका सामग्रीहरुको अपर्याप्तता र अभावमा सुरक्षाकर्मीको काममा चुस्तता आउन नसकेको हुँदा सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा स्थानीय प्रशासन ऐनमा उल्लेख भए बमोजिमका आवश्यक सामग्रीहरुको व्यवस्था गर्न ।

**ग) आन्दोलनकारी दलहरुलाई**

१३. नेपाल–भारत सीमा नाका तथा प्रमुख सडकहरु बन्द गर्ने कार्यले सीमाबाट आयात निर्यात हुने सामग्रीको ढुवानीमा अवरोध पुग्दा नेपाल–भारत सम्बन्धमा समेत असर पर्ने अवस्था उत्पन्न भई नेपाली नागरिकहरुका आधारभुत अधिकारहरुको उपभोगमा समस्या उत्पन्न हुने देखिँदा त्यसतर्फ गम्भीर बन्दै आन्दोलन फिर्ता लिन ।

१४. आन्दोलनकारीहरुबाट लाठी, गुलेली, भाला, बञ्चरो, हँसिया जस्ता घरेलु हतियारहरुको प्रयोग बन्द गरी शान्तिपूर्ण रुपमा आन्दोलन गर्न ।

१५. आन्दोलनकारीहरुले नाका बन्द गर्ने कार्यक्रम अन्तर्गत प्रदर्शन तथा जुलश गर्न नपाईने नेपाल भारत सीमानाको दसगजा क्षेत्रमा धर्ना बस्ने तथा भारतीय भूमी प्रयोग गरी नेपालतर्फ ढुङ्गामुढा गर्ने गरेका कारण नेपाल–भारत सम्बन्धमा समेत नराम्रो असर पर्न सक्ने अवस्था रहँदा त्यसतर्फ सचेत रही कुटनितिक मर्यादा र अन्तर्राष्ट्रिय कानुनको पालना गर्न, गराउन ।

१६. नेपाली नागरिकहरुले आफ्नो परम्परा अनुसार मान्दै आएका साँस्कृतिक चाडपर्वहरु मनाउन पाउने अधिकारको सम्मान गर्न ।

**घ) अन्य**

१७. कुनैपनि राजनीतिक दलका नेताहरु, कार्यकर्ता, प्रहरी प्रशासनका कर्मचारीहरु, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरु, नागरिक अगुवाहरुले सामाजिक विद्वेष, घृणा र दुर्भावना फैलाउने, जातीय र नश्लमा आधारित भौगोलिक र क्षेत्रीय भावनामा आधारित अभिव्यक्ति नदिन र सामाजिक सद्भावलाई उच्च र मर्यादित बनाउन क्रियाशील रहन ।

१८. मानव अधिकार रक्षकहरुले मानव अधिकार रक्षक सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको मार्ग निर्देशिका तथा यस संम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्रको पालना गर्न ।

©©©

# अनुसूची १

## अनुगमन गरिएका जिल्लाहरू

१. ईलाम
२. धनकुटा
३. झापा
४. मोरङ्ग
५. सुनसरी
६. सप्तरी
७. सिरहा
८. खोटाङ्ग
९. धनुषा
१०. महोत्तरी
११. सर्लाही
१२. रौतहट
१३. बारा
१४. पर्सा
१५. चितवन
१६. काठमाडौं
१७. ललितपुर
१८. नवलपरासी
१९. रुपन्देही
२०. कपिलवस्तु
२१. वाग्लुङ्ग
२२. दाङ्ग
२३. बाँके
२४. सुर्खेत
२५. जुम्ला
२६. कालिकोट
२७. बर्दिया
२८. कैलाली

# अनुसूची २

## आन्दोलनको क्रममा मारिएका व्यक्तिहरुको विवरण

### क) सुरक्षाकर्मीबाट मारिएका व्यक्तिहरू

| क.सं. | मृतकको नाम र ठेगाना | वर्ष | घटना | | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्थल | मिति | |
| १. | राजेन्द्रकुमार राउत (राजीव), भारदह गाविस-१ सप्तरी | २८ | भारदह | २०७२/५/१ | |
| २. | रामकिसुन राउत, (रामकृष्ण) पोर्ताहा गाविस १, सप्तरी | ६० | पोर्ताहा १ | २०७२/५/ २३ | |
| ३. | निकु (नितुकुमार) यादव, गोपालपुर २, धनुषा | १६ | मिल्स एरिया, जनकपुर | २०७२/५/२५ | |
| ४. | सञ्जयकुमार चौधरी, क्षीरेश्वर नपा वडा नं. ५, धनुषा | २८ | मिल्स एरिया, जनकपुर | २०७२/५/२५ | |
| ५. | दिलिपकुमार यादव, सिनुरजोडा ४, धनुषा | १३ | पिडारीचोक जनकपुर | २०७२/५/२५ | |
| ६. | रोहन चौधरी जलेश्वर नपा ७, महोत्तरी | १५ | जलेश्वर, महेन्द्रचोक | ०७२/५/२३ | |
| ७. | रामविवेक यादव महोत्तरी गाविस ५, महोत्तरी | २१ | जलेश्वर, महेन्द्रचोक | २०७२/५/२३ | |
| ८. | अमित कापर (मुसवा ) जलेश्वर नपा १४, महोत्तरी | २५ | जलेश्वर महेन्द्रचोक | ०७२/५/२३ | |
| ९. | विरेन्द्रकुमार विच्छा पिगौना गाविस ४, महोत्तरी | ३५ | जलेश्वर महेन्द्रचोक | २०७२/५/२३ | |
| १०. | रामशिला देवी मण्डल, हात्तिलेट ९, महोत्तरी | ३० | शंकरचोक, जलेश्वर | २०७२/५/२५ | |
| ११. | गणेश चौधरी जलेश्वर नपा ७ महोत्तरी | ७० | बड्कीरतवारा, महोत्तरी | २०७२/५/२५ | |
| १२. | राजकिशोर ठाकुर मठिया गाविस-६ रौतहट | २० | गौर नपा, कविरचोक | २०७२/५/८ | |
| १३. | हिफाजत मिया कलैया नपा १०, बारा | २० | भरतचोक, कलैया | २०७२/५/१५ | |
| १४ | धर्मराज सिंह राजपुत वीरगञ्ज उमनपा-२५, पर्सा | २६ | वीरगञ्ज नपा १६, | २०७२/५/१५ | |
| १५. | जयप्रकाश साह तेली(भोला) प्रसौनी गाविस -८, बारा | २४ | वीरगञ्ज उपनपा १८ | २०७२/५/१५ | |
| १६. | सोहन प्रसाद गुप्ता तेलकुवा बारा घर भई हाल वीरगञ्ज उमनपा-१९, पर्सा | २६ | वीरगञ्ज नगवा | २०७२/५/१५ | |
| १७. | दिलिपकुमार चौरसिया वीरगञ्ज उमनपा-२५, पर्सा | २१ | वीरगञ्ज नपा १६, | ०७२/५/१४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राधेमाई | | |
| १८ | दिनानाथ साह गोध<br>प्रसौनी-८,बारा | १९ | वीरगञ्ज<br>उपनपा १८ | २०७२/५/१५ | |
| १९. | शत्रुध्न पटेल (राउत कुर्मी)<br>पकाह मैनपुर गाविस ४ पर्सा | २८ | गीता मन्दिर<br>रोड, वीरगञ्ज | २०७२/६/३ | |
| २० | दुर्गेश यादव<br>कमहरिया गाविस-३, रुपन्देही | २३ | भैरहवा | २०७२/५/३ | घाइते भई उपचारको लागि अस्पताल लाँदैगर्दा आन्दोलनको विपक्षमा रहेको समूहबाट एम्बुलेन्स भित्रै कुटपिट । |
| २१. | सुधीराम यादव (सुनील)<br>लुम्बिनी सांस्कृतिक नपा, १३<br>रुपन्देही | १९ | भैरहवा | २०७२/५/३ | |
| २२. | रामेश्वर पासी<br>बेधवार -३क, रुपन्देही | ३३ | भैरहवा | २०७२/५/३ | |
| २३. | बिनोदकुमार लाकौल (बिनु)<br>गोनहा गाविस ६, रुपन्देही | ३५ | भैरहवा लुम्बिनि<br>सडक खण्ड<br>बेथरीचोक | २०७२/५/२९ | |
| २४ | राजकुमार बरई<br>गोनहा गाविस ६ रुपन्देही | ३८ | भैरहवा लुम्बिनि<br>सडक खण्ड<br>बेथरीचोक | २०७२/५/२९ | |
| २५. | रञ्जना सिंह क्षेत्री<br>मर्चवार गाविस घर भई मामाघर गोनहा गाविस ६, वेथर, रुपन्देही | १४ | भैरहवा लुम्बिनि<br>सडक खण्ड<br>बेथरीचोक | २०७२/५/२९ | |
| २६. | कुन्दनकुमार पटेल<br>गोनाहा ७, रुपन्देही | | | | |
| २७. | चन्दनकुमार कुर्मी(पटेल)<br>पोखरीया नगरपालिका १<br>वनकटा, पर्सा अस्थायी रुपन्देही । | ४ | भैरहवा लुम्बिनि<br>सडक खण्ड बेथरी<br>चोक । | २०७२/५/२९ | |
| २८ | नन्दनी पाण्डे<br>गोनहा गाविस ६, रुपन्देही | ५० | भैरहवा लुम्बिनि<br>सडक खण्ड<br>बेथरीचोक | २०७२/५/२९ | |
| २९ | गोपालसिंह रजवार<br>वीरेन्द्र नपा ३ सुर्खेत | ६६ | विरेन्द्रनागर नपा ४ | २०७२/४/२५ | |
| ३०. | टिकाराम गौतम<br>विरेन्द्र नपा -३, सुर्खेत | ५५ | विरेन्द्रनागर नपा ४ | २०७२/४/२५ | |
| ३१. | यामबहादुर विसी<br>विरेन्द्र नपा ८, सुर्खेत | २८ | विरेन्द्रनागर नपा ४ | २०७२/४/२५ | |
| ३२. | हरिबहादुर कुँवर<br>ताम्ती गाविस १ जुम्ला | २० | चन्दननाथ नपा | २०७२/५/६ | |

## ख) आन्दोलनकारीबाट मारिएका प्रहरीहरूको विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | लक्ष्मण न्यौपाने<br>वरिष्ठ प्रहरी उपरीक्षक, अञ्चल प्रहरीकार्यालय, कैलाली | टिकापुर, कैलाली | २०७२/५/७ | |
| २. | बलराम विष्ट<br>प्रहरी निरीक्षक.<br>जिल्ला प्रहरीकार्यालय, कैलाली | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ३. | केशव बोहरा<br>प्रहरी निरीक्षक<br>अञ्चल सशस्त्रप्रहरी गुल्म, सेती | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ४. | श्यामबहादुर खड्का<br>प्रहरी हवल्दार,<br>अञ्चल सशस्त्र प्रहरी गुल्म, सेती | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ५. | लोकेन्द्रबहादुर चन्द<br>प्रहरी जवान, इलाका प्रहरीकार्यालय, टिकापुर, कैलाली | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ६. | रामविहारी थारू<br>प्रहरी हवल्दार,सशस्त्र प्रहरीगण उग्रतारा, टिकापुर, कैलाली | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ७. | ललितबहादुर साउद<br>प्रहरी हवल्दार, सशस्त्र प्रहरीगण उग्रतारा, टिकापुर, कैलाली | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ८. | जनकबहादुर नेगी<br>प्रहरी हवल्दार | टिकापुर, कैलाली | २०७२/५/७ | |
| ९. | थमनबहादुर विक<br>प्रहरी नायव निरीक्षक | जलेश्वर, शङ्करचोक | २०७२/५/२५ | एम्बुलेन्सकोरुपमा प्रयोग गरिएको सवारी साधनबाट बाहिर निकाली हत्या । |

## ग) आन्दोलनकारीबाट मारिएको भनिएका तर उनीहरुले जिम्मा नलिएका मृतकहरुको विवरण

| | | | | |
|---|---|---|---|---|
| *१०* | *देवबहादुर पाण्डे,*<br>*प्रहरी हवल्दार* | *इलाका प्रहरी कार्यालय मैनापोखर, बर्दिया* | *२०७२/५/१८* | *बर्दिया* |
| *११.* | टेकबहादुर साउद, उमेर १८ महिना<br>टिकापुर नपा-९, मालिकाटोल, | टिकापुर, कैलाली | २०७२/५/७ | *टिकापुर घटना* |
| *१२.* | करण सिंह, वर्ष २२<br>नौबास्ता गाविस २, बाँके | गनापुर गाविस प्रिहवा चोक | २०७२/५/१८ | *नेपालगञ्ज* |
| *१३.* | राम निवेश कुशवाह | वीरगञ्ज न.पा.. वडा नं. २६ | २०७२/७/९ | *वीरगञ्ज न.पा. २५ पर्सामा* |
| *१४* | रविलाल गुरुङ्ग<br>सवारी चालक, तार्कुघाट २, लमजुङ | २०७२/४/३० | नवलपरासी | सवारी स्कर्टिङ्ग गरेर ल्याँदै गर्दा आन्दोलनकारीले हानेको ढुङ्गा लागेको भनिएको । |

## ङ) अन्य

| | | | | |
|---|---|---|---|---|
| १५. | काशीराम वि.क | सशस्त्र प्रहरी, नवलपरासी | २०७२/४/३२ | गोलीमा बारुद भर्दै गर्दा विष्फोट भइ मृत्यु |
| १६. | चिन्कु चौधरी<br>थापापुर २, कैलाली | कैलाली | २०७२/४/३२ | आन्दोलनको कार्यक्रममा सहभागि भई घर |

| | | | | |
|---|---|---|---|---|
| | | | | फर्कदैं गर्दा सवारी दुर्घटनामा परि मृत्यु |
| १७. | उमेश कापड<br>सिसुवा कटैया ८<br>महोत्तरी | | | महोत्तरीको रतौलीमा मानव साङ्लो कार्यक्रममा सहभागि भइरहेको समयमा मृत्यु भएको । |

# अनुसूची ३

## गृह मन्त्रालयबाट आर्थिक सहयाता उपलब्ध गराउन निर्णय भएका पीडितहरुको विवरण

| क्र.सं. | नाम ठेगाना | रकम |
|---|---|---|
| १. | टेक बहादुर साउद,मनुवा-२ कैलाली | १० लाख |
| २. | राजकिशोर ठाकुर,मठिया-६ रौतहट | १० लाख |
| ३. | दुर्गेश यादव,कम्हरीया-३ रुपन्देही | १० लाख |
| ४. | दिलिप कुमार चौरसिया,मनियारी - ६ पर्सा हाल वीरगञ्ज -२५ | १० लाख |
| ५. | धर्मराज सिंह राजपुत, भवानीपुर-५ पर्सा हाल वीरगञ्ज -२६ | १० लाख |
| ६. | दीनानाथ साह गोड, पसौनी-८ वारा | १० लाख |
| ७. | जय प्रकाश साह,(भोला साह) पसौनी-८ वारा | १० लाख |
| ८. | सोहन प्रासाद गुप्ता, तेलकुवाँ-वारा | १० लाख |
| ९. | हिफाजत मियाँ, कलैया नगरपालिका -१० बारा | १० लाख |
| १०. | करण सिंह, नौवास्ता-२ बाँके | १० लाख |
| ११. | रविलाल गुरुङ, तार्कुघाट-१ लमजुङ | १० लाख |
| १२. | रामकृष्ण राउत, पोर्ताहा-१ सप्तरी | १० लाख |
| १३. | रामविवेक यादव, महोत्तरी-५ | १० लाख |
| १४ | रोहन चौधरी, जलेश्वर-७ महोत्तरी | १० लाख |
| १५ | मुसवाभन्ने अमित कापर, जलेश्वर-१४ महोत्तरी | १० लाख |

| | | |
|---|---|---|
| १६ | रामशिलादेवी, मण्डल हात्तिलेट महोत्तरी | १० लाख |
| १७ | गणेश चौधरी, जलेश्वर–७ महोत्तरी | १० लाख |
| १८ | सञ्जय चौधरी, छिनेश्वरनाथ न.पा.–५ धनुषा | १० लाख |
| १९ | निकु यादव, गोपालपुर–२ धनुषा | १० लाख |
| २० | दिलिप यादव, सिनुरजोडा–४ धनुषा | १० लाख |
| २१ | कुन्दनकुमार, पटेल गोनाहा–७ रुपन्देही | १० लाख |
| २२ | विनोद लाकोल, गोनाहा–६ रुपन्देही | १० लाख |
| २३ | राजकुमार बराई, गोनाहा–६ रुपन्देही | १० लाख |
| २४ | रञ्जना सिंह, सिलौटिया–८ रुपन्देही | १० लाख |
| २५ | रोशन दुरा, व्या.न.पा.–१ तनहुँ | १० लाख |
| २६ | विरेन्द्र विच्छा, पिगौना –४ महोत्तरी | १० लाख |
| २७ | रामेश्वर पासी,वोदवार –३ रुपन्देही | ५ लाख |

# अनुसूची ४

## आयोगबाट जारी प्रेस विज्ञप्तिहरू

# अनुसूची ५

# युरोपेली युनियनको प्रेस विज्ञप्ति

EUROPEAN UNION
DELEGATION TO
NEPAL

6.10.2015

## Joint Local Statement on the distribution of humanitarian supplies in Nepal

*The European Union Delegation, the Heads of Mission of Denmark, Finland, France, Germany, the UK, and the Heads of Mission of Norway and Switzerland issue the following statement in Nepal.*

Kathmandu, 6 October 2015 - The Heads of Mission in Nepal express their support and encouragement for efforts to resolve the current difficulties affecting the supply and distribution of humanitarian supplies in the country, particularly of goods urgently needed for the adaptation of temporary shelters to the coming winter.

The effects of this situation are most heavily felt by the poorest segments of the population, including in the Terai. The lack of basic goods is taking a heavy toll on the economy of Nepal, where recent earthquakes have pushed an additional 3.5% of the population under the poverty line, according to the estimates of the Post-Disaster Needs Assessment.

The Heads of Mission hope for a prompt solution of this situation. The ongoing talks represent a unique opportunity to make progress in this direction and the Heads of Mission encourage all involved to take advantage of it in a spirit of responsibility and compromise.

**End**

For further information, please contact: Mr. Ambar Mainali, e-mail: ambar.mainali@eeas.europa.eu

---

P.B. N° 6754, Uttardhoka Sadak, Lainchaur, Kathmandu, Nepal.Tel :+977-1- 4 429445 Fax : +977-1-4 423541
Website : www.delnpl.ec.europa.eu e-mail : Delegation-Nepal@eeas.europa.eu

# अनुसूची ६

## OCHA को धारणा सार्वजनिक भएका समाचारहरु

Himalayan News Service

**Kathmandu, October 26**

Six months after the devastating earthquakes that shook Nepal, shelter and food remain top priorities as winter approaches, said a press statement issued recently by UN Office for the Coordination of Humanitarian Affairs (OCHA), Nepal.

It said that with the government of Nepal, humanitarian partners provided emergency shelter to over 700,000 families, but the effect of the coming harsh cold weather is a concern with many people still without permanent durable housing.

“While much has been achieved, the humanitarian community remains committed to meeting the remaining needs,” the statement quoted UN humanitarian coordinator in Nepal, Jamie McGoldrick, as saying. “With the winter on the way, we must ensure adequate shelter and food security, particularly for more than 80,000 families,” the statement said.

According to the statement, the April and May earthquakes left 8,891 people dead, destroyed more than 600,000 houses and damaged 290,000 houses.

During the height of the emergency, some 188,900 people were temporarily displaced. Over the last six months, humanitarian partners provided food to over 1.4 million people, established temporary classrooms for 300,000 children and supported health authorities to restore all damaged health facilities by June.

It further said concerted efforts ensured that there were no disease outbreaks. To reach remote and isolated villages, last mile logistics operations employed innovative and traditional methods of delivering assistance with 16,000 porters and hundreds of mules. Over 500,000 people received multi-purpose cash assistance, which helped them bridge the economic gap caused by devastated livelihoods.

“When faced with tough challenges like the monsoon season, landslides and difficult terrain, we are proud of how we have been able to support the government and the people of Nepal and respond to the challenges overall,” McGoldrick said, adding, “But present conditions are a concern.”

It said that since the end of September, fuel in short supply has impeded progress.

The Humanitarian Country Team has urged a quick resolution to the fuel shortage so that winter goods can be quickly delivered to vulnerable households.

McGoldrick said that this massive logistical undertaking can be achieved but the lack of fuel is significantly affecting distribution of goods.

There is a brief window of fair weather in which humanitarian actors can respond before the snow. With the humanitarian needs of earthquake-affected communities largely met, the Humanitarian Country Team is working very closely with the government and other partners to ensure a smooth transition to recovery and reconstruction.

McGoldrick further said, “The Humanitarian Country Team is looking forward to the establishment of the National Reconstruction Authority. Once it becomes operational, we anticipate that we will start to see the rapid expansion of reconstruction across the earthquake-affected areas.”

*A version of this article appears in print on October 27, 2015 of The Himalayan Times.*

---

## OCHA expresses concern over fuel crisis disrupting aid distribution - RSS

Oct 25, 2015- The United Nations Office for the Coordination of Humanitarian Affairs (OCHA) in Nepal has expressed worry and concern over the disruption of the delivery of humanitarian assistances due to the shortage of fuel. A statement issued today by Jamie McGoldrick, Humanitarian Coordinator in Nepal, read that six months after the devastating earthquakes that shook Nepal in April, humanitarian partners provided emergency shelter to over 700,000 families, but the effect of the coming harsh cold weather, coupled with the lack of fuel, is a matter of concern to reach out to the needy with aids in remote and Himalaya areas of Nepal. “While much has been achieved, the humanitarian community remains committed to meet remaining needs,” McGoldrick, however, said in the statement. “With the winter on the way, we must ensure adequate shelter and food security, particularly for more than 80,000 families.” “But present conditions are a concern.” Since the end of September, fuel in short supply has impeded progress," he said. Meanwhile, the Humanitarian Country Team is urging a quick resolution to the fuel shortage so that winter goods can be quickly delivered to vulnerable households. "This massive logistical undertaking can be achieved. But the lack of fuel is significantly affecting distribution of goods," McGoldrick said. Meanwhile, the Food and Agriculture Organization of the United Nations (FAO) said that it continues to support the government-led efforts to address food security and livelihood needs in the six most-quake hit districts--Sindhupalchok, Nuwakot, Dhading, Gorkha, Rasuwa and Dolakha. Issuing a press release statement on Sunday, FAO said that six months after the earthquakes, vulnerable farmers in the worst-affected districts still need agricultural inputs to continue the rehabilitation and reconstruction process and revive the agricultural sector. The press release stated that FAO has already completed an emergency distribution of 42,000 5kg bags of rice seed in advance of the monsoon planting season, adding that it has also distributed 30,000 durable grain and seed storage bags, with 40,000 more to follow, and nearly 20,000 25kg bags of high-nutrition animal feed. Published: 25-10-2015 16:14

http://kathmandupost.ekantipur.com/news/2015-10-25/ocha-expresses-concern-over-fuel-crisis-disrupting-aid-distribution.html

## अनुसूची ७
## युनिसेफबाट जारि विज्ञप्ति

## अनुसूची ८
## आन्दोलनकारीले डेरा छोड्न दिएको विज्ञप्ति

# अनुसूची ९
# आयोगबाट भएका पत्राचार